बाघ संरक्षण पर्यटन प्रवर्द्धन र आर्थिक विकासका ... पृष्ठ ५ मा


जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ७१ • २०८० साल साउन १४ गते आइतबार (30 July, Sunday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।–

## सुख्खाग्रस्त क्षेत्र घोषणा नहुँदा पानी संकट बढ्दो



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा बढ्दै गएको खानेपानी तथा सिँचाइका समस्या समाधान गर्नकालागि उर्जा ,सिचाई तथा खानेपानी मन्त्रालयले विज्ञहरुसित छलफल गरेको छ । मन्त्रालयले सिँचाइ, हाइड्रोलोजिष्ट लगायतका विज्ञहरुसंग छलफलगरि समस्या समाधान गर्न रणनीति बनाएको छ ।

मधेश प्रदेशमा पानीको गंभीर समस्या देखिएको बताउँदै उर्जा, सिचाई तथा खानेपानी मन्त्री सिंहासन सा कलवारले सुख्खाग्रस्त क्षेत्र घोषणा नहुँदा काम गर्न कठिनाई भइरहेको बताए ।

'जिल्ला दैवी प्रकोप उद्धार समितिले संकटग्रस्त क्षेत्र घोषणा गरेको छैन्' उनले भने, सरकारले बजेट चलाउने अख्तियारी दिएको छैन् ।सिंचाईको मात्र नभै पिउने पानीको समेत संकट देखिकाले बैकल्पिक उपायहरु अपनाउ सरकारले काम थालिसकेको बताए ।

सिँचाइ विज्ञ रत्नेश्वर लाल कर्ण, हाइड्रोजियोलोजिष्ट विज्ञ बैद्यनाथ चौरसिया, विज्ञ डा.कृष्णचन्द्र साह लगायतले छलफलमा मन्त्रालयलाई सुझाव दिएको उर्जा सिँचाइ तथा खानेपानी मन्त्रालयका निमित प्रदेशसचिव अरुणलाल कर्णले जनाएका छन् ।

संघीय खानेपानी मन्त्रालयले आईतवार प्रदेशका मन्त्री र सचिवहरुसित छलफलगरि समाधानका उपायहरु निकाल्ने जनाएको छ ।

### गौर हत्याकाण्ड

## न्याय माग्दै संघर्ष समितिद्वारा चन्द्रनिगाहपुरमा धर्ना

**टुडे समाचारदाता**

चपुर(रौतहट) । गौर हत्याकाण्ड पीडित संघर्ष समितिले न्यायको माग गर्दै रौतहटको चन्द्रनिगाहपुरमा धर्ना दिएको छ ।

गौर राइस मिलमा १७ वर्ष पूर्व भएको हिंसात्मक घटनामा तत्कालीन माओवादीका २७ जना कार्यकर्ता मारिएका थिए ।

गौर हत्याकाण्डको फाइल खोल्न र मुख्य आरोपि तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवलाई पक्राउ गर्नुपर्ने माग राख्दै उनीहरुले धर्ना दिएका छन् ।

उनीहरूले उपेन्द्र यादवलाई पक्राउ गरी कारबाही गर्नुपर्ने, दोषीलाई उन्मुक्ति दिन नहुने, घटनाको सत्यतथ्य छानबिन गर्नुपर्ने माग अघि सारेका छन् ।

गौर हत्याकाण्डका मुख्य दोषीसहित अन्य दोषीलाई कारबाहीको माग गर्दै धर्नामा बसेको गौर हत्याकाण्ड पीडित संघर्ष समितिका संयोजक तथा शहीद परिवारकी अगुवा रूपसागर देवीले बताइन् ।

आम जनता पार्टी(आजपा)का अध्यक्षसमेत रहेका सांसद प्रभु साहको नेतृत्वमा पीडितहरुले गौरबाट सुरु गरेको संघर्षलाई पूर्वपश्चिम राजमार्गमा पर्ने




चपुरमा ल्याएका छन् ।

गौर राइस मिलको मुद्दालाई सांसद साहले उठाएपछि मधेश प्रदेशका सत्तासीन ६ दलले हिन्दू परिषद्का अध्यक्ष काशीनाथ तिवारीलगायतका हत्यामा संलग्न रहेकाहरुलाई कारबाहीको माग गर्दै गत हप्ता गौरमा सशक्त प्रदर्शन गरेका थिए । उनीहरुले साहलाई कारबाही गर्न प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएका छन् ।

मधेशी जनअधिकार फोरमले राइस मिलमा गर्न लागेको सभालाई विथोल्न माओवादीको भातृ संगठन मधेशी राष्ट्रिय मुक्ती मोर्चाका संयोजकसाहले नारायणघाटबाट वाईसीएललाई मगाएको आरोप छ । सभा विथोल्ने क्रममा माओवादीबाट आक्रोशित स्थानीयहरुले लखेटेर हत्या गरेको बताइएको छ ।

रौतहट जिल्ला प्रहरी कार्यालयमा २०६४ चैत २८ मा जाहेरी दर्ता भएको १७ वर्ष वितिसक्दा पनि कारबाहीको प्रारम्भिक चरणको काम पनि नभएको बताउँदै पीडितहरुले कारबाही नभए अझ सशक्त विरोधमा उत्रिने चेतावनी दिएका छन् ।

२०६३ चैत ७ गते गौरको राइस मिल्सको चौरमा तत्कालीन नेकपा माओवादी र स्थानीय सहितको फोरमका कार्यकर्ताबीच झडप हुँदा माओवादीका २७ जना कार्यकर्ता मारिएका थिए । ५० जनाभन्दा बढी घाइते भएका थिए ।

माओवादीको कुनै निकायको निर्णय बिना नै साहले फोरमको कार्यक्रम विथोल्न खोजेपछि भूगोलबारे अनभिज्ञ रहेका माओवादी लडाकुहरुतर्फ ठूलो क्षती भएको थियो । मृत्यु भएका अधिकांश माओवादी गौरको भूगोलबारे अनभिज्ञ रहेका थिए ।

संघर्ष समितिले माग पूरा नभए साउन १४ गते मोटरसाइकल ऱ्याली गर्ने र साउन १५ गतेदेखि अनिश्चितकालीन रौतहट बन्द गर्ने कार्यक्रम सार्वजनिक गरेको छ । न्यायका लागि सर्वोच्च अदालतमा प्रक्रिया अघि बढाउन परमादेशको मागसहितको निवेदन दर्ता केही दिनअघि भएको घाइते एवम् जाहेरीकर्ता अमर साहले बताए ।

माओवादीको जनयुद्धको क्रममा १७ हजार भन्दा बढी मानिस मारिएका थिए । प्रभु साहले रौतहटमा नै १० जना भन्दा बढीको हत्या गराएको ६ दलका नेताहरुले आरोप लगाएका छन् । तिवारी हत्या काण्डमा दर्ता भइसकेको मुद्दालाई फिर्ता लिएर तत्कालीन सरकारले न्यायको हत्या गरेको आरोप ६ दलका नेताहरुले लगाएका छन् ।

साह र ६ दलबीचको राजनीतिक द्वन्द्व चर्किने देखिएको छ । दुबै पक्षले एकअर्कामाथि आरोप लगाउँदै कारबाही गराउन थालेको विरोध प्रदर्शनले शान्तिसुरक्षामा खलल पुग्न सक्ने सुरक्षा अधिकारीहरुको आकलन छ ।

## दुई पक्षबीच झड्प, दर्जनौ राउण्ड अश्रुग्यास प्रहार

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको गोडैता बजारमा शनिबार दिउँसो दुई पक्षबीच झड्प भएपछि प्रहरीले दर्जनौ राउण्ड अश्रुग्यास प्रहार गरेको छ । दुई समुदायबीच झडपको स्थिति सिर्जना भएपछि प्रहरीले अश्रुग्यास र सामान्य बल प्रयोग गरी भीडलाई तितरवितर पार्ने प्रयास गरेको थियो ।

मुस्लिम समुदायले मोहरम मनाइरहेका बेला अर्को समूह अगाडि बढ्न खोजेपछि झड्प



भएको थियो । प्रहरीमाथिसमेत ढुंगामुढा र सिसाको बोतल प्रहार गर्न थालेपछि प्रहरीले आत्मरक्षाका लागि अश्रुग्यास प्रहार गर्दै सामान्य बल प्रयोग गरेका थिए ।

स्थिति नियन्त्रणमा लिने प्रयास गरिएको सर्लाहीका प्रहरी प्रमुख एसपी नरेशराज सुवेदीले जनाएका छन् । दिनभर तनावको स्थिति रहेपनि साँझतिर स्थिति सामान्य भएको एसपी सुवेदीले बताए ।

गोडैतामा केही समयदेखि दुई समुदायबीच विवाद भइरहेको थियो । मोहरम पर्वमा विवाद उत्पन्न हुने आंकलन गरेका स्थानीय प्रशासनले ठूलो संख्यामा प्रहरी परिचालन गरेको थियो ।

## हत्याका आरोपि कारागार चलान

**राकेश यादव**

गौर । रौतहटको मौलापुर नगरपालिका-४ पतौरामा आमाछोरीको हत्या आरोपमा परिवारका तीन सदस्यलाई जिल्ला अदालतले पुर्पक्षका लागि कारागार चलानको आदेश दिएको छ । हत्याको आरोपित एकजना अझै फरार छन् ।

गत असार १५ गते बिहान पतौराका २४ वर्षीया कविता देवी र उनकी २ वर्षीया छोरी आरुही कुमारी घरमै मृत अवस्थामा फेला परेकी थिइन ।

बालिका आरुहीको शव पंखामा झुन्डिएको अवस्थामा र कविताको शव घरको सिँढीमुनि शंकास्पद अवस्थामा फेला परेपछि प्रहरीले हत्या आंशकामा अनुसन्धान अघि बढाएको थियो । घटनापछि मृतक कविताका श्रीमान धीरेन्द्र साह, सासु मैनादेवी साह र जेठानी निशा देवीलाई प्रहरीले पक्राउ गरी अनुसन्धान गर्न थालेको थियो । ससुरा नागेन्द्र साह अहिले पनि फरार छन् ।

प्रहरीले चारैजना विरुद्ध कर्तव्य ज्यान मुद्दामा अनुसन्धान सकेर अदालतमा पेश गर्दा न्यायाधीश तेजबहादुर खड्काको एकल इजलासले पक्राउ परेकाहरु निर्दोष छन् भन्ने तत्काल आधार नदेखिएकाले पुर्पक्षका लागि कारागार चलानको आदेश भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । पक्राउ परेकाहरुले अदालतमा इन्कारी बयान दिएका थिए ।






# मिटरब्याजी साहु कारागार चलान



**टुडे समाचारदाता**

राजविराज।सप्तरीमा एक मिटरब्याजी पुर्पक्षका लागि जेल चलान भएका छन्।

जिल्ला अदालत सप्तरीको आदेशमा राजविराज नगरपालिका- ७ का ६४ वर्षीय रामाप्रसाद साहुलाई शुक्रबार पुर्पक्षका लागि जेल चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। उनीविरूद्ध ठगी तथा अपराधिक विश्वासघात मुद्दामा अनुसन्धान भएको थियो। प्रहरीले जिल्ला अदालतमा मुद्दा पेश गर्दा १८ लाख धरौटी माग गरेको थियो।

तर धरौटी तिर्न नसकेपछि उनलाई पुर्पक्षका लागि सप्तरी कारागार चलान गरिएको प्रहरीले जनाएको छ।

# नि:शुल्क शिविर



**टुडे समाचारदाता**

वीरगञ्ज। स्वतन्त्र मानवअधिकार समाज, केन्द्रीय कार्यालय वीरगञ्जले शनिबार घडिअर्वा पोखरि परिसरमा नि:शुल्क सुगर शिविरको कार्यक्रम सम्पन्न गरेको छ।

नि:शुल्क सुगर शिविरका प्रमुख अतिथि पर्सा जिल्ला प्रशासन कार्यालयका सहायक प्र.जि.अ भिमकान्त पौडेल र विशिस्ट अतिथिमा सहायक प्रजिअ शिव प्रसाद लम्सालले सुगर चेकजाँच गराइ शिविरको शुभारम्भ गरेका थिए।

उच्च रक्त चाप र मधुमेहको रोकथामका लागि आयोजित शिविरमा ७२ पुरुष र ३० महिला गरी जम्मा १०२ जनाको परीक्षण गरिएको समाजका सभापति कृष्ण कुमार खनालले जानकारी दिए।

शिविरमा नारायणी अस्पतालका मेडिकल फिजिसियन डा. उदय नारायण सिंहले बिरामीहरुको चेकजाँच गरेका थिए।

शिविरमा समाजका उपसभापति नन्दी किशोर यादव, महासचिव दीपक साह कानु, कोषाध्यक्ष उर्मिला कुशवाहा, सचिव आशिष कुमार, सह-कोषाध्यक्ष राम भरोस यादव, सल्लाहकार प्रकाश कुमार गुप्ता (मुन्ना ),केन्द्रीय सदस्यहरु संदिप चौरसिया ,लालबाबु प्रसाद गुप्तालगायतको सहभागिता रहेको थियो।

# नियमित सफाइ र वृक्षरोपण

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रकृति र संस्कृति संरक्षण मुख्य उद्देश्यका साथ ०७० साल फागुन ११ गते देखि सप्ताहिक रुपमा सुरु गरिएको गंगासागर सफाइ अभियान पछिल्लो १० वर्ष देखि निरन्तर जारी रहेको छ।

गंगासागर सफाइ अभियान र मिथिला सभ्यताको धरोहर रामायणकालीन जीवन्त अवशेष देवभूमि जनकपुरधामको पवित्र सरोवर गंगासागरको शनिबार सघन रुपमा सफाइ गरेका छन्।

जनकपुरधाम शहर नजिक जनकपुरधाम- जलेश्वर सडक अन्तर्गत बिन्धी बनौलि मोडमा संचालन हुन लागेको वातावरण मैत्री White Place Resort मा वृक्षरोपण गरिएको छ। सफाइ अभियानी एवम्



महागंगा आरतीका संस्थापक प्रदेश सांसद रामअशिष यादव, डा.एस के सिंह, समाजसेवी रवि गोयन्का,अभियन्ताहरु बजरंग यादव, कृष्ण चन्द्र साह,डा.निरन्जन कुमार गोइत,मनोज राय,बैधनाथ सिंह ,हरिकान्त मिश्रा,ई.सत्यदेव यादव , संतोष यादव ,मनिष गुप्ता सहितकाअभियन्ताहरुकोसहभागिता रहेको थियो।

# दुई जनाको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीमा छुट्टाछुट्टै घटनामा एक बालिकासहित दुई जनाको मृत्यु भएको छ।

जिल्लाको गोडैता नगरपालिकामा शनिबार पानीमा डुबेर एक बालिकाको मृत्यु भएको छ।

गोडैता नगरपालिका-१० मा सडक बनाउन खनेको खाडलमा घुँगी टिप्न जाँदा डुबेर सोही स्थानका रामप्रवेश महतोको छोरी १३ वर्षीया नेहा कुमारीको मृत्यु भएको छ। पानीमा डुबेकी नेहालाई तत्काल उद्धार गरी उपचारको लागि प्रादेशिक अस्पताल मलंगवा पुऱ्याएपछि चिकित्सकले मृत घोषणा गरेका थिए।

बालिकाको शव परीक्षणको लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको प्रहरीले जनाएको छ।

यस्तै,जिल्लाको बलरा नगरपालिकामा शनिबार दिउँसो चट्याङ लागेर एक पुरुषको मृत्यु भएको छ। पानी परिरहेको अवस्थामा भैंसी चराइरहेका हथिऔलका ४५ वर्षका अर्जुन पटेलको चट्याङ लागेर घटनास्थलमै मृत्यु भएको छ।

चट्याङ लागेर पटेलले चराइरहेको भैंसीसमेत मरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी दीपेन्द्र पंजियारले जानकारी दिए। पटेलको शव मुचुल्कासहित पोष्टमार्टमका लागि जिल्लाबाट प्रहरी टोली घटना स्थल पुगेको छ।

# चट्याङ लागेर एकको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा। बलरा नगरपालिका-१ हथियौलमा शनिबार चट्याङ लागेर एक जना किसानको मृत्यु भएको छ। शनिबार दिउँसो १:३० बजेतिर दर्के झरीसँगै परेको चट्याङ लागेर भैंसी चराइरहेका हथियौलकै ४५ वर्षीय अर्जुन पटेलको घटनास्थलमै मृत्यु गएको प्रहरीले जनाएका छन्।

चट्याङ लागेर भैंसी पनि मरेको छ। मृतक पटेलको शव घटनास्थलको प्रकृति मुचुल्का गरी पोष्टमार्टमका लागि सदरमुकाम मलंगवातर्फ ल्याउन प्रहरी टोली घटनास्थलतर्फ गइरहेको डीएसपी दीपेन्द्र पंजियार थारुले बताए।

# ट्रेड युनियनका पदाधिकारीलाई सम्मान



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल ट्रेड युनियन काँग्रेसका नव निर्वाचित केन्द्रीय पदाधिकारीहरुलाई जनकपुरधाममा सम्मान गरिएको छ।

ट्रेड युनियन कांग्रेस धनुषाद्वारा आयोजित स्वागत तथा सम्मान कार्यक्रममा सातौं महाधिवेशनबाट निर्वाचित अध्यक्ष, महासचिव र कोषाध्यक्ष लगायतका पदाधिकारीहरुलाई सम्मान गरिएको छ। युनियन धनुषाका अध्यक्ष महावीर दासको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रमुख अतिथि नेपाली कांग्रेसका सभापति योगेन्द्र पजियारले नेपाल ट्रेड युनियन काङ्ग्रेसका नव निर्वाचित अध्यक्ष योगेन्द्र कुँवर ,महासचिव अजय कुमार राई र कोषाध्यक्ष संजय दाहाललाई दोसल्ला ओढाएर सम्मान गरेका थिए।

कार्यक्रममा वक्ताहरुले चुरे दोहनले मधेश प्रदेशका जिल्लाहरुमा पानीको विकराल समस्या देखापरेको र चुरे संरक्षणतर्फ सरकार र सरोकारवालाहरु गम्भीर नभए आगामी दिन झन भयावह अवस्था हुने चिन्ता व्यक्त गरेका थिए।

कार्यक्रममा केन्द्रीय सदस्य उमेश साह,जिल्ला समन्वय समिति धनुषाका सभापति राज नन्दन मिथिलेश कर्ण, राम स्नेही यादव, मेघनाथ यादवलगायतका वक्ताहरुले आ-आफ्नो धारणा राखेका थिए।

# कोशीको विषयमा कांग्रेसले सर्वोच्चको निर्णय मान्छ : नेता सिंह

चितवन। नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले सर्वोच्च अदालतले कोशी प्रदेशको सरकारका विषयमा गरेको निर्णय कांग्रेसले मान्ने बताउनुभएको छ। चितवनमा शनिवार सञ्चारकर्मीसित कुरा गर्दै उहाँले कांग्रेस कानुनी राज्यका पक्षमा रहेको उल्लेख गर्नुभयो।

"नेपाली कांग्रेस कानुन मान्ने पार्टी भएकाले त्यसलाई स्वीकार गर्छौं। आफूलाई पर्दा नमान्ने र अरुलाई पर्दा मान्ने भन्ने हुँदैन", नेता सिंहले भन्नुभयो। सर्वोच्च अदालतले कोशी प्रदेश सरकारका विषयमा गरेको निर्णय सहर्ष स्वीकार गर्दै सरकार गठनका लागि दलहरूसँग छलफल भइरहेको उहाँको भनाइ थियो।

नेता सिंहले प्रदेश आफै स्वायत्त भएको उल्लेख गर्दै भन्नुभयो- "कोशी प्रदेशमा प्रदेश सरकार गठनका विषयमा त्यहीको संसदीय दलको नेताले निर्णय गर्नुहुनेछ।" रासस

# नागरिक उन्मुक्ति र सद्भावनाबीच एकीकरण हुने

**टुडे समाचारदाता**

काठमाण्डु। रेशम चौधरीले स्थापना गरेको नागरिक उन्मुक्ति पार्टी र रामकुमार महतो अध्यक्ष रहेको नेपाल सद्भावना पार्टीबीच आइतबार एकीकरण हुने भएको छ। आइतबार जनकपुरमा एक कार्यक्रमको आयोजना गरी दुबै पार्टीबीच एकीकरण हुन गइरहेको नेपाल सद्भावन पार्टीका अध्यक्ष रामकुमार महतोले बताए।

केही दिनदेखि दुई पार्टीको बीचमा पार्टी एकीकरणको विषयमा छलफल चलिरहेको थियो। दुई पक्षबीच सहमति



भएपछि एकीकरणको घोषणा गर्न लागिएको उनको भनाइ छ। अर्को महाधिवेशनसम्म नागरिक उन्मुक्ति पार्टीको नाम, झण्डा, चुनाव चिह्न, विधानलाई स्वीकार गरेर सद्भावना पार्टीले एकीकरण गर्न लागेको छ। एक वर्षपछि एकताको महाधिवेशन गर्ने र त्यसमा छलफल गरेर नाम र पार्टीको झण्डालगायतको विषय टुङ्गो लगाउने दुई पक्षको बीचमा सहमति भएको छ।

नेपाल सद्भावना पार्टीले तत्काल उपाध्यक्ष, सचिव, सहसचिव एक-एक जना र २१ जना केन्द्रीय सदस्य पाउने छ।

सद्भावना पार्टीले मधेश प्रदेशको अध्यक्ष पनि पाएको छ भने लुम्बिनी र कोशी प्रदेशमा आपसी सहमतिमा समायोजन गरी प्रदेश समिति बनाउने सहमति भएको बताइएको छ।

सद्भावना पार्टीले धनुषा र महोत्तरीको जिल्ला अध्यक्ष पनि पाएको छ।

# एक वर्षमा ५ सय बढी चोरीको घटना

**टुडे समाचारदाता**

जनकपुरधाम। बेरोजगारी र लागूऔषध दुर्व्यसनी समस्याका कारण धनुषामा चोरीको घटना दिनानुदिन बढ्दै भयावह बन्दै गएको छ। जिल्ला प्रहरी कार्यालयको तथ्यांक अनुसार गत आर्थिक वर्ष ०७९/८० मा ५ सय ८७ वटा चोरको घटना भएको छ। चोरीका यी अधिकांश घटनामा १६-३८ वर्ष उमेर समूहका युवाको संलग्नता रहेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले उपलब्ध गराएको तथ्यांक अनुसार चोरी घटनामा संलग्न रहेको आरोपमा ६ सय २६ जना पक्राउ परेका मध्ये पीडित पक्षले उजुरी नदिँदा मात्र १ सय १३ वटा चोरी घटनाको मुद्दा दर्ता भएको छ भने बाँकी ४ सय ७४ वटामा अभद्र व्यवहारमा मुद्दा गरिएको छ। चोरी घटना नियन्त्रणका लागि विशेष सुरक्षा योजना बनाइ प्रहरी निरीक्षकको नेतृत्वमा २५ जनाको टोली परिचालन, रातको समयमा पैदल गस्ती, एम्बुस टोली परिचालन, सीमा नाकामा जाँचमा कडाइ, भीडभाड हुने ठाउँमा सादा पोशाकमा प्रहरी परिचालनसहित




अभियान नै संचालन गरिएको छ।

सो अभियानको क्रममा तिनीहरुलाई नियन्त्रणमा धनुषाका प्रहरी प्रवक्ता डिएसपी वेदप्रसाद गौतमले जानकारी दिए। जिप्रकाले चोरी घटनाको दर्ता १ सय १३ मुद्दामा १ सय ७ वटा फछ्र्योट भएको छ भने १ सय १७ अभियुक्त मध्ये १ सय ५ जनालाई पक्राउ गरी कारबाही गरिएको छ।

यस्तै,चोरी घटनाको अभद्र व्यवहार दर्ता मुद्दा मध्ये ४ सय ३९ वटा फछ्र्योट भएको छ भने ५ सय ४९ अभियुक्त मध्ये ५ सय २१ जनालाई पक्राउ गरी कानुनी दायरमा ल्याएको छ। पछिल्ला तीन आर्थिक वर्षको तथ्यांक हेर्ने हो भने आ.व. ०७९/८० मा चोरीको घटना ह्वातै बढेको छ।

चोरी र अभद्र व्यवहार मुद्दा दर्तासहितको चोरी घटना ५ सय ८७ रहेको छ भने आ.व. ०७८/७९ मा चोरीको १ सय १८ र अभद्र व्यवहारको १ सय ३३ गरी २५१ वटा र आ.व. ०७७/७८ मा चोरीको ८१ र अभद्र व्यवहारको १ सय ५९ गरी २४० वटा चोरीको घटना भएको छ।

एसपी विश्वराज खड्काले गत आर्थिक वर्षमा चोरीका घटनामा पक्राउ परेकाहरु मध्ये ३८ वर्ष मुनिका नै रहेका छन्। चोरी घटनामा संलग्नहरु अधिकांश लागूऔषध दुर्व्यसनी र बेरोजगार रहेको बताए। केही युवा पेट पाल्न चोरी घटनामा संलग्न रहेको समेत देखिएको उनले बताए। युवाहरूको मानसिकता किन आपराधिक बन्दैछ भन्ने कुरा थप अनुसन्धानको विषय बन्न सक्छ तर लागूऔषधको लतमा फसेका, रोजगारी वा काम गर्ने अवसर नपाएका गरीबी पेट पाल्न र खुला सीमाको गलत फाइदा उठाउने मनोवृत्तिले समस्या बढ्दै गएको उनले बताए।

उनले भने प्रहरी लगायत सुरक्षा निकाय चोरीका घटना नियन्त्रणमा संवेदनशील रहे पनि अन्य सरोकारवालाले युवालाई कुलतमा फस्न नदिनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने आवश्यकता रहेको बताए।

हालसम्मको अवधिमा चोरीमा यति ठूलो संख्यामा पक्राउ परे पनि पीडितले जाहेरी दिन नमान्ने गरेकाले अधिकांशलाई अभद्र व्यवहारमा मुद्दा दर्ता गर्नुपरिरहेको एसपी खड्काले बताए। मोटरसाइकल, साइकल, हेल्मेट, घरको सामग्रीसहित धर्मशाला र मन्दिरमा चोरी तथा लुटपाट, पसलबाट नगद चोरी गरेकोजस्ता आरोपमा उनीहरूलाई पक्राउ गरिएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक गौतमले जानकारी दिए।

# मैले कथा भन्ने कोशिस गरेको हुँ : खनाल

काठमाण्डु। चलचित्र र रङ्गमञ्चमा उत्तिकै लोकप्रिय अभिनेता सरोज खनाल तीन दशकको अभिनय यात्रापश्चात् निर्देशक बन्नुभयो। उहाँको पहिलो निर्देशकीय चलचित्र 'बगान' प्रदर्शनको तेस्रो सातामा प्रवेश गरेको छ। "मलाई नाट्यकर्मी सुनिल पोखरेलले एउटा पुस्तक दिनुभएको थियो। त्यहाँ सङ्ग्रहित कथामध्ये एउटा बगान थियो। त्यो पढेपछि यसलाई ठूलो पर्दामार्फत आम दर्शक र समाजमा यो कथा पुऱ्याउनुपर्छ भन्ने लाग्यो", अभिनेता खनालले भन्नुभयो, "यसलाई कथामार्फत नै दर्शकसामु पुऱ्याउनुपर्छ भन्ने लागेर निर्देशन गरेँ। मलाई छायाङ्कनकै समयमा कसैले निर्देशकभन्दा नि अप्ठ्यारो हुन्थ्यो। मैले सरोज नै भनेर सम्बोधन गरिदिनुस् भनेर भन्थे।" आफूलाई कथावाचक भन्न रुचाउने खनालले चलचित्रमा वरिष्ठ कलाकारलाई स्थान दिनुभएको छ। उहाँहरू अभिनयमा पोख्त हुनाका साथै चरित्रअनुसार उपयुक्त हुने भएकाले चलचित्रमा अधिकांश पुराना कलाकारलाई स्थान दिएको खनालले बताउनुभयो।

"छायाङ्कनका क्रममा कुनै कलाकारलाई पनि अभिनय गरेर बुझाइनँ, भनिनँ। केबल चरित्र र दृश्यलाई सम्झाएँ", अभिनेता खनालले भन्नुभयो, "नीर राजा (नीर शाह) लाई मैले अलिकति फरक चाहिएको भनेर भूमिका बुझाएँ। उहाँ आफैँले विभिन्न चरित्र देखाएपछि मैले चाहेको यो हो भने, यसरी हामीले छायाङ्कन सकेका थियौँ।"

सयौँ चलचित्रमा अभिनय गरिसक्नुभएका अभिनेता खनालले चलचित्रमा 'स्टार'का रूपमा चिनिनुभएका कलाकारभन्दा पनि विषयवस्तु र कथा महत्वपूर्ण हुनुपर्ने बताउनुभयो। एकल महिलाको कथा, समवेदना र शिक्षाको महत्वलाई चलचित्रमा प्रस्तुत गरिएको उहाँको भनाइ छ। आफैँसँग धेरै चलचित्रमा सहकार्य गर्नुभएकी अभिनेत्री करिश्मा मानन्धरलाई एकल महिलाको भूमिकामा प्रस्तुत गरिएको उहाँले जानकारी दिनुभयो।

चलचित्र 'बगान' मा निर्देशक खनालसँगै करिश्मा मानन्धर, प्रमिला कार्की, आकाश श्रेष्ठ, नीर शाह, वसुन्धरा भुसाल र मिथिला शर्मालगायत कलाकारले अभिनय गर्नुभएको छ। कार्कीले यसै चलचित्रबाट अभिनय सुरू गर्नुभएको हो। "आफ्नो पात्रलाई जीवन्त बनाउनुभएकी कार्कीको उज्वल भविष्य देखेको छु।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : वाद विवादबाट बच्नु। |
| मिथुन | : शिक्षामा उन्नति। |
| कर्कट | : सुख समृद्धि हुने। |
| सिंह | : भ्रमण अवसर हुने। |
| कन्या | : पारिवाहिक सुख। |
| तुला | : प्रतिभा सम्पन्नता। |
| बृश्चिक | : अवसर प्राप्त। |
| धनु | : पुरस्कार प्राप्त लाभ। |
| मकर | : प्रेम प्रसंग, मित्र सुख। |
| कुम्भ | : नयाँ कार्य हुने। |
| मीन | : धन बृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मुस्लिम समुदायले मोहरममा आयोजना गर्ने ताजिया (दाहा) मेलाको दोस्रो दिन शनिबार जनकपुरधाम उपमहानगरपालिका-२३ लादोबेलामा देखिएको रौनक। *तस्बिर :रासस*

विश्व बाघ दिवस

# बाघको सङ्ख्या बढेर तेब्बर, व्यवस्थापनमा चुनौती



काठमाण्डु । शनिवार विश्व बाघ दिवस मनाइएको छ । दिवसका अवसरमा यसवर्ष पनि विश्वमा झैं नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ । यसवर्षको यो दिवसको नारा 'मानव-बाघ सह-अस्तित्व' रहेको छ । वन तथा वातावरण मन्त्रालयले दिवसको मुख्य कार्यक्रम अन्तर्गत ललितपुरको जावलाखेलस्थित चिडियाखानामा विशेष कार्यक्रम मनाउँदैछ। यसैगरी नेपाल टेलिकमका टेलिफोन सेवामा दिवसका दिन बाघ संरक्षणका लागि सचेतनासम्बन्धी 'रिङटोन' बज्ने व्यवस्था गरिएको मन्त्रालयअन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ।

दिवसकै अवसरमा बाघसम्बन्धी दश वर्षे (सन् २०२३-३२) कार्ययोजना सार्वजनिक गर्न लागिएको विभागका उपमहानिर्देशक अजय कार्कीले जानकारी दिनुभयो । कार्ययोजनामा बाघको सङ्ख्या वृद्धि भएसँगै थपिएको व्यवस्थापनको चुनौती र बढ्दो मानव-बाघ द्वन्द्वलाई व्यवस्थापन गर्नेसम्बन्धी मुख्य विषय रहेको उहाँले बताउनुभयो।

पाटे बाघ संरक्षणको महत्वबारे जनचेतना फैलाउने उद्देश्यले हरेक वर्ष जुलाई २९ मा ' विश्व बाघ दिवस' मनाइन्छ । सन् २०१० मा रुसको सेन्ट पिटर्सवर्गमा आयोजित अन्तर्राष्ट्रिय बाघ मञ्चले यस्तो घोषणा गरेको हो । उक्त मञ्चमा पहिलो विश्व बाघ सम्मेलन भएको थियो। पाटे बाघ विश्वका १३ देशमा पाइन्छन्। ती मुलुकका सरकार तथा राष्ट्र प्रमुखको सन् २०१० मा सेन्टपिटर्सवर्गमा भएको सम्मेलनले बाघको सङ्ख्यालाई सन् २०२२ सम्ममा दोब्बर बनाउने प्रतिबद्धता व्यक्त गरेको थियो।

**सङ्कल्प दोब्बर, वृद्धि झण्डै तेब्बर**

उक्त सम्मेलनमा नेपालले सन् २००९ को गणनाअनुसार नेपालमा रहेका तत्कालीन बाघको सङ्ख्या एक सय २१ लाई बढाएर दोब्बर पुऱ्याउने प्रतिबद्धता जनाएको थियो। सन् २०२२ मा गरिएको राष्ट्रिय बाघ गणनाअनुसार नेपालमा हाल बाघको सङ्ख्या तीन सय ५५ पुगेको छ । नेपालले उक्त सम्मेलनमा बाघको सङ्ख्या दोब्बर बनाउन गरेको प्रतिबद्धताभन्दा बढी सङ्ख्याले बाघ बढाउन सफल भएको छ।

उक्त गणनाअनुसार सबैभन्दा धेरै बाघ चितवन राष्ट्रिय निकुञ्जमा एक सय २८ वटा र बर्दिया राष्ट्रिय निकुञ्जमा एक सय २५ बाघ थिए । साथै बाँकेमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ पाइएको विभागको तथ्याङ्क छ। नेपालले विसं २०६७ देखि बाघ दिवस मनाउँदै राष्ट्रियस्तरमा बाघ गणनासमेत गर्दै आएको छ। नेपालमा बाघको सङ्ख्या सन् १९९५ मा ९८, सन् २००० मा एक सय नौ, सन् २००५ मा एक सय २६, सन् २००९ मा एक सय २१, सन् २०१३ मा एक सय ९८ रहेको विभागको तथ्याङ्क छ । सन् २०१८ मा गरिएको गणनाअनुसार बाघको सङ्ख्या बढेर दुई ३५ पुगेको थियो।

नेपाल बाहेक भारत, चीन, भुटान, रुस, बङ्गलादेश, भियतनाम, म्यानमार, मलेसिया, इन्डोनेसिया, थाइल्यान्ड र लाओसमा पाटे बाघ पाइन्छन् । विश्वभर सन् १९०० सम्म एक लाखको हाराहारीमा बाघको सङ्ख्या रहेको अनुमान थियो । त्यो सङ्ख्या सन् २०१० मा घटेर तीन हजार दुई सयमा सीमित भएको थियो । त्यसपछिका विश्वभरबाट भएका संरक्षणका प्रयासले बाघको सङ्ख्या बढेर २०१६ मा तीन हजार नौ सय र सन् २०२२ मा चार हजार पाँच सय पुगेको विश्व वन्यजन्तु कोषको तथ्याङ्क छ । सन् २०१६ को तथ्याङ्कअनुसार विश्वमा सबैभन्दा बढी भारतमा दुई हजार दुई सय २६ र सबैभन्दा कम लाओसमा दुई वटा बाघ थिए।

**बाघको आक्रमणबाट नेपालमा पाँच वर्षमा ५८ को मृत्यु**

नेपालमा बाघको सङ्ख्या बढेसँगै यिनको व्यवस्थापन, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, बासस्थान सुधारलगायत अन्य विविध विषय चुनौती बनेका छन् । मध्यवर्ती क्षेत्रका मानिसहरु घाँस दाउरा, निहुरो टिप्न र गाइभैंसी चराउन जाने क्रममा सामुदायिक वनभित्रै बाघको आक्रमणमा पर्ने गरेका छन्।

उनीहरुलाई जङ्गल नजाने वातावरण बनाउन सरकारले वैकल्पिक जीविकोपार्जनको उपायको व्यवस्था मिलाउने किसिमका कार्यक्रमहरू पनि गर्दै आएको छ। हात्ती, बाघ, गैंडा, चितुवा, भालु, जङ्गली कुकुरलगायतका वन्यजन्तुको आक्रमणबाट पछिल्लो पाँच वर्षमा दुई सय मानिसको मृत्यु भएको तथ्याङ्क छ । साथै क्षतिपूर्तिवापत सरकारले रु ६० करोडभन्दा बढी रकम बेहोरिसकेको छ । वन्यजन्तुले मानिसलाई घाइते बनाउने, बालीनाली, घर, गोठको क्षतिलगायत घट्ना बढ्दै गएका छन्।

त्यसमध्ये पछिल्लो पाँच वर्षमा मुलुकभर बाघबाट मात्र ५८ जनाको मृत्यु भएको तथ्याङ्क छ । आर्थिक वर्ष २०७९/८० मा बाघको आक्रमणबाट १२, आव २०७८/७९ मा २१, आव २०७७/७८ मा १३, आव २०७६/७७ मा आठ र आव २०७५/७६ मा बाघको आक्रमणबाट चारको मृत्यु भएको थियो।

विश्व जन्तुकोष नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले मानव-वन्यजन्तु द्वन्द्व रोकथामका लागि जङ्गल वरपरका समुदायलाई जङ्गल नपस्ने गरी जीविकोपार्जनको विकल्प दिनुपर्ने, स्थानीयको वन्यजन्तुप्रति गर्ने आनीबानीमा परिवर्तन गर्नुपर्ने बताउनुभयो।

साथै उहाँले वन्यजन्तुको वासस्थानको राम्रो व्यवस्थापन गर्नसके वन्यजन्तु बाहिर ननिस्कने र स्थानीय बासिन्दालाई पनि वैकल्पिक आयको व्यवस्था गर्न सके जीविकोपार्जनका लागि जङ्गल जान बाध्य नहुने अवस्था बनाउन सरोकारवाला सबै लाग्नुपर्नेमा जोड दिनुभयो। बाघलाई संसारभर प्रतीकात्मक प्राणीका रूपमा लिने गरिन्छ। प्राकृतिक सम्पदाका रूपमा रहेको बाघलाई सांस्कृतिक तथा ऐतिहासिक दृष्टिकोणले पनि महत्वपूर्ण मानिन्छ। जैविक प्रणालीलाई सन्तुलनमा राख्न पनि यसले योगदान पुऱ्याउँछ । खाद्य शृङ्खलामा बाघ मुख्य शिकारी वन्यजन्तु भएका कारणले अन्य जनावरलाई नियन्त्रणमा राखी वातावरण सन्तुलनमा यसको उल्लेखनीय योगदान हुन्छ। रासस

# भारतीय महावाणिज्य दूतावासद्वारा विशेष सप्ताह आयोजना



काठमाण्डु । भारतको महावाणिज्य दूतावास, वीरगञ्जले 'मिसन लाइफ'अन्तर्गत विशेष सप्ताह सम्पन्न गरेको छ । मसिन लाइफअन्तर्गत कूल सात सत्रहरू सञ्चालन गरिएको यहाँस्थित भारतीय दूतावासले जनाएको छ।

सो अवसरमा महावाणिज्यदूत नितेश कुमारले मिसन लाइफ भारतको नेतृत्वमा रहेको एक विश्व्यापी ढाँचा भएको बताउनुभयो। उहाँले पर्यावरणको संरक्षण एवं प्रवर्द्धन गर्न व्यक्तिगत तथा सामुदायिक कार्यलाई टेवा पुऱ्याउँदै दिगो भविष्य निर्माण गर्न यसको डिजाइन गरिएको बताउनुभयो।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलेसन्२०२१ग्लास्गोमाभएको २६औं राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्मेलन (कोप-२६) मा विश्वलाई मिसन लाइफका बारेमा जानकारी दिनुभएको थियो । यसअन्तर्गत वाणिज्य दूतावासले जुन २०, २०२३ मा आफ्नो परिसरभित्र 'स्वास्थ्य लाइफस्टाइल' मा प्यानल छलफल आयोजना गरेको थियो।

उक्त छलफलमा डा निरजकुमार सिंह, डा सुचित कुमार शर्माले स्वस्थ जीवनका लागि आफ्नो जीवनशैलीलाई कसरी परिमार्जन गर्न सकिन्छ भन्ने विषयमा विचार प्रस्तुत गर्नुभएको थियो।

यसैगरी जुलाई २१ मा विजय कुशवाहाले ई-वेस्टको उचित व्यवस्थापन नगर्दा हुने खतराका बारेमा सहभागीहरूलाई जानकारी गराउनुभएको थियो। साथै उहाँले विद्युतीय सामग्रीलाई छिटोभन्दा छिटो बदल्नुको सट्टा लामो समयसम्म प्रयोग गर्न आग्रह गर्नुभएको थियो।

जुलाई २४ मा रणजितकुमार सिंह र जयप्रकाश खेतानले प्लाष्टिकको एकल प्रयोगलाई व्यावहारिकरूपमा कम गर्ने सन्दर्भमा विचार प्रस्तुत गर्नुभएको थियो । जुलाई २५ मा आयोजित कार्यक्रममा महेश अग्रवालले दिगो खाद्य प्रणालीका बारेमा धारणा प्रस्तुत गर्दै स्वस्थ खानाका फाइदाबारे प्रकाश पार्नुभएको थियो । सोही क्रममा उहाँले स्वास्थ्यका लागि कोदोको प्रयोगका फाइदबारे चर्चा गर्नुभएको थियो।

जुलाई २६ मा भएको ' फोहर न्यूनीकरण अभिमुखीकरण कार्यक्रम'मा सरफुद्दिन मियाँ र महेश अग्रवालले फोहोर कम गरी वातावरण स्वच्छ र सुन्दर बनाउन थप रुख रोप्नुपर्नेमा जोड दिनुभएको थियो। जुलाई २७ मा गोविन्द गुप्ता र प्रियांशु गुप्ताले ऊर्जा बचत सत्रमा ऊर्जाको उपयोगलाई कसरी किफायती बनाउन सकिन्छ भनी व्याख्या गर्नुर्भएको थियो।

विशेष सप्ताहको अन्तिममा वाणिज्य दूतावास परिसरमा आयोजना गरिएको फोहर बचत सत्रमा नेपाल खानेपानी संस्थान वीरगञ्जका प्रमुख निरन महर्जन र चार्टर्ड एकाउन्टेन्ट प्रियङ्का रौनियारले पानी खेर फाल्दा कसरी पानीको सङ्कट निम्त्याउँछ भन्नेबारेमा जानकारी गराउनुभएको थियो। रासस

# झालाई मैथिली गीत गायन पुरस्कार

सप्तरी। मधुश्रावणी पर्वको अवसरमा प्रदान गरिँदै आएको उर्मिलादेवी मैथिली गीत गायन पुरस्कार राजविराज नगरपालिका-४ की कञ्चन झालाई प्रदान गरिने भएको छ।

प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झाद्वारा भाइबुहारी उर्मिलादेवी झाको स्मृतिमा स्थापित पुरस्कारबाट यस वर्ष मैथिली लोकगीत गायिका कञ्चनलाई पुरस्कृत गर्ने निर्णय गरिएको उहाँले जानकारी दिनुभयो। झाका अनुसार मैथिली साहित्य परिषद्को समन्वयमा आज बसेको बैठकले उक्त निर्णय गरेको हो।

मैथिली साहित्य परिषद् का आजीवन सदस्य मैथिली गीत गायिका उर्मिलादेवीको पाँच वर्षअघि मधुश्रावणी पर्वकै समयमा मोरङको विराटनगरमा भएको दुर्घटनामा मृत्यु भएको थियो। उर्मिलाकै स्मृतिमा उहाँका जेठाजु प्रेस स्वतन्त्रता सेनानी झाले चार वर्षदेखि पुरस्कार वितरण गर्दै आउनुभएको छ।

गत वर्ष सो पुरस्कारबाट गायिका एवं रेडियोकर्मी तिरहुत गाउँपालिका-१ की मुनचुन देव ' प्रिया' पुरस्कृत हुनुभएको थियो। यस्तै २०७७ सालमा राजविराज-७ की किरण झा र २०७८ सालमा राजविराज-४ की रञ्जु साह पुरस्कृत हुनुभएको थियो।

पत्रकार तथा अभियानकर्मी झाले बुवाको स्मृतिमा पण्डित नित्यानन्द झा स्मृति पुरस्कार, स्व पत्रकार उमा सिंहको स्मृतिमा उमा सिंह पत्रकारिता पुरस्कार र अथक मानवअधिकार योद्धा प्रकाश काफ्लेको स्मृतिमा वैद्य-प्रकाश मानवअधिकार पुरस्कारसमेत स्थापित गर्नुभएको छ।

मैथिली गीत गायन पुरस्कार प्रकाश स्मृति दिवसकै अवसरमा मङ्गलबार राजविराजस्थित नेपाल पत्रकार महासङ्घको सभाकक्षमा हुने कार्यक्रममा वितरण गरिने झाले जानकारी दिनुभयो।

उक्त कार्यक्रम राष्ट्रिय मानवअधिकार आयोगका सदस्य तथा पूर्वन्यायाधीश मिहिर ठाकुरको प्रमुख आतिथ्यतामा हुने आयोजकले जनाएको छ। रासस

# खानेपानीको समस्या समाधानका लागि प्रदेश सरकारले विज्ञसँग छलफल गर्ने

वीरगन्ज । वीरगन्ज महानगरपालिकासहित तराई मधेसका विभिन्न क्षेत्रमा देखिएको बढ्दो खानेपानीको समस्या समाधानका लागि मधेस प्रदेश सरकारले विज्ञहरूसँग छलफल अघि बढाएको छ।

लामो समयदेखि वर्षा नहुँदा चापाकललगायतका खानेपानीको मुहान सुकेर पर्साको वीरगन्जलगायतका विभिन्न स्थानमा खानेपानीको हाहाकार भएको हो । बढ्दै गएको खानेपानीको समस्या समाधानबारे मधेस प्रदेश सरकारले विज्ञ तथा सरोकारवालासँग छलफल अघि बढाएको हो।

साउनको तेस्रो साता बित्न लाग्दासमेत मधेस प्रदेशमा वर्षा नहुँदा पानीको सतह तल गएर चापाकललगायतका खानेपानीका स्रोत सक्दै गएर कतिपय जिल्लामा खानेपानीको समस्या बढ्दै गएकाले त्यसको दिगो समाधानबारे विज्ञहरूसँग छलफल अघि बढाएको मधेस प्रदेश सरकारका ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री सिंहासन साह कलवारले जानकारी दिनुभयो। विज्ञहरूबाट आएका सुझावका आधारमा प्रदेश सरकारले खानेपानी समस्या समाधानका योजना ल्याउने मन्त्री कलवारको भनाइ छ।

यताखानेपानीकोठूलोसमस्या भोग्दै आएका महानगरवासीलाई वीरगन्ज महानगरपालिकाले ट्याङ्करबाट टोलटोलमा पानी वितरण गर्ने कार्यलाई निरन्तरता दिएको छ। महानगरले ट्याङ्करबाट पानी वितरण गर्नुका साथै विभिन्न स्थानमा अस्थायी ट्याङ्की नै राखेर पानी वितरणको व्यवस्था मिलाएको हो।

महानगरले वडामा पानी वितरणका लागि समयतालिका नै सार्वजनिक गरेको छ। नगरवासीको जनजीवन सहज बनाउन महानगरले समय नै तोकेर पानी वितरणका लागि तालिका सार्वजनिक गरेको महानगरका प्रमुख राजेशमान सिंहले बताउनुभयो।

बिहान ५ देखि राति ८ बजेसम्म १९ वडामा ट्याङ्करमार्फत पानी वितरण गरिरहेको र अन्य वडामा पनि समस्या देखिए पानी उपलब्ध गराउने महानगरप्रमुख सिंहको भनाइ छ।

ट्याङ्करबाट अहिलेसम्म १९ वडामा दैनिक पानी उपलब्ध गराइरहेको र अहिलेसम्म सात वडाका विभिन्न स्थानमा अस्थायी ट्याङ्की राखिएको महानगरपालिकाले जनाएको छ। यसका साथै खानेपानी संस्थानको पाइप लाइन विस्तार भएका ठाउँको सार्वजनिक स्थानमा खानेपानीका धारा राख्ने कामलाई पनि महानगरले तीव्रता दिएको छ।

खानेपानीको पाइप लाइन वडा नं १ देखि १७ र १९ मा विस्तार भएकाले ती वडाका सार्वजनिक स्थानमा पानीको धारा राख्ने काम भइरहेको महानगरको खानेपानी शाखाका प्रमुख भोगेन्द्र चापागाईंले जानकारी दिनुभयो। बढ्दो गर्मीका कारण जलस्तर तल झरेपछि वीरगन्जका विभिन्न वडाका चापाकल सुकेर पानीको हाहाकार भएको छ। तत्कालै प्राकृतिकरूपमै जलस्तरमा सुधार आउने सम्भावना कम देखिएकाले महानगरले अहिले पानी ट्याङ्कीमार्फत अस्थायीरूपमा समस्या समाधानको प्रयास गरिरहेको छ। रासस

# जनप्रतिनिधि शालिन हुनुपर्छ : अध्यक्ष ओली

राँझा । नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले एमालेबाट निर्वाचित जनप्रतिनिधिमा शालिनता हुनुपर्ने बताउनुभएको छ। एमालेको तर्फबाट लुम्बिनी प्रदेशमा निर्वाचित जनप्रतिनिधिका लागि नेपालगन्जमा आयोजित प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै उहाँले भन्नुभयो, "नेकपा (एमाले)बाट निर्वाचित जनप्रतिनिधिमा अहमता र घमण्ड नभई शालिनता हुनुपर्दछ।" अहमता र घमण्डलाई त्यागेर जनप्रतिनिधिले शालिनताका साथ जनताको सेवामा लाग्न आग्रह गर्दै अध्यक्ष ओलीले अबको निर्वाचनमा हरेक तहमा ५१ प्रतिशत जनताको मत हासिल गर्ने गरी एमाले अगाडि बढेको बताउनुभयो।

लुम्बिनी प्रदेशबाट प्रतिनिधिसभा, प्रदेशसभा सदस्य र स्थानीय तहमा अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्षमा निर्वाचित जनप्रतिनिधि सहभागी प्रशिक्षण कार्यक्रममा उहाँले जनप्रतिनिधिलाई सार्वजनिक सम्पत्तिको रक्षा गर्दै जनतालाई सरल र सहजरूपमा सेवा प्रवाहको अधिकतम् उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिनुभयो।

नेकपा (एमाले) प्रदेश कमिटी अध्यक्ष राधाकृष्ण कँडेलको अध्यक्षतामा भएको कार्यक्रममा पार्टी उपाध्यक्ष विष्णु पौडेल, पार्टी सचिव एवं लुम्बिनी प्रदेश इन्चार्ज पद्मा अर्याललगायत जनप्रतिनिधिले जनताको काम सहज तरिकाले गरेर पार्टीलाई मजबुत बनाउन ध्यान दिनुपर्ने बताउनुभयो। रासस


# पानी नपरेपछि सुक्दै बोटबिरुवा



महोत्तरी। साउन दोस्रो साता बित्नै लाग्दासम्म राम्ररी पानी नपरेर धान रोपाइँ गर्न नपाएका यहाँका किसान यसपालि खडेरी पर्ने चिन्ताले पिरोलिएका छन्। धान रोपाइँ गर्न नपाइएको र अन्य बोटबिरुवा पानीबेगर सुक्दै गएपछि किसान यसपालि ठूलो खडेरी पर्ने चिन्ताले पिरोलिएका हुन्।"साउन आधा बित्नै लाग्यो, धान रोप्न पाइएन", भङ्गाहा-५ भूचक्रपुरका ६५ वर्षीय किसान दीपनारायण चौधरी थारू भन्नुहुन्छ, "सुत्ला आउँदै गरेका मकैका बोट सुक्दैछन्, वरपरका बोटबिरुवा पानीबेगर सुक्दै छन्।"

मुख्य बाली मानिने धान रोप्न नपाइएको र अन्य बाली पनि सुक्दै गएपछि किसान रनभूल्ल छन्। साउन मध्य बित्नै लाग्दासम्म मौसमको लक्षण पानी पर्ने नदेखिएको पाका किसान बताउँछन्।"असार-साउनमा पानी नपरेर प्रचण्ड रापको घाम र तातो हावा चलिरहेपछि केही-केही ठाउँमा धान रोपिएका खेत चिरा परेका छन्, लहरे तरकारी बालीका बेला सुकेर पहँलिदै गएका छन्", गौशाला नगरपालिका-११ का लक्ष्मीप्रसाद महतोले भन्नुभयो । अहिलेको मौसमले खडेरीको लक्षण देखिएकाले अब गुजाराको चिन्ताले पिरोलेको महतोको भनाइ छ । यसपालि खडेरीको लक्षण देखिन थालेपछि जिल्लाका सबैजसो बस्तीमा सर्वसाधारणलाई गुजाराको चिन्ताले पिरोलेको छ। "जिल्लामा प्रत्येक दुई-तीन किलोमिटरको दूरीमा नदी छन्", भङ्गाहा-४ पलार बस्तीका किसान चौठी बाँतरले भन्नुभयो, "तर यी नदी बर्खेभेलले बस्ती र खेतबारी बगाउने अभिशापमात्र बनेका छन्।" नदीको पानीले जताततै सिँचाइ प्रबन्ध नभएपछि यी अभिशाप बनेका बाँतरको भनाइ छ।

मुख्यबाली धान नै बनाएका जिल्लाका किसान राम्रो मौसमको पर्खाइमा छन् । अनुकूल मौसम भए सन्तुलित पानी पर्ने, बालीनाली लगाउन सजिलो हुने र उत्पादन पनि राम्रो हुने कल्पना पनि यहाँका किसानले गर्न छाडेका छैनन्। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सहमति उत्तम उपाय

नेपालमा सरकारले अनुचित लेनदेन(मिटरब्याज)लाई नियन्त्रण गर्न अत्यन्त कडा कानुन ल्याएको छ । लेनदेनलाई सरकारले फौजदारी अभियोगमा राखेको छ। सामाजिक रुपमा ऋण दिनेलाई ७ वर्ष सम्मको जेल सजाय हुन सक्छ। यस अघि कपाली तमसुकको आधारमा सामाजिक स्तरमा लेनदेन हुने गरेको थियो। कपाली तमसुकलाई कानुनी मान्यता थियो। धनीले अदालतमा तमसुकको मुद्दा गर्दा धनीको पक्षमा अदालतको आदेश भए ऋणीको जायजेथाबाट असुल उपर गरिन्थ्यो । तर सामाजिक रुपमा कपाली तमसुककै आधारमा व्यापक लेनदेन भइरहेको थियो । कपाली तमसुक बनाउँदा पहिलो दोब्बरपछि तेब्बर र कतिपय धनीले चार गुणासम्मको तमसुक बनाउने गरेका थिए। कपाली तमसुकलाई ९ वर्ष भित्र अदालतमा प्रस्तुत गर्नुपर्ने प्रावधान थियो ।अबको कानुनमा लेखनदासले बनाउने तमसुक अपराध हुने भएको छ । ऋण दिनेलाई पनि कानुनले अपराधी मानेको छ। तमसुक बनाएर लेनदेन गर्नेलाई सरकारले पक्राउ गरी ७ वर्षसम्म कैद र जरिवाना गर्न सक्छ । संशोधित ऐनले सामाजिक स्तरमा तमसुकबाट लेनदेन गर्ने कार्यलाई सरकारले अपराध ठहर गर्दै त्यसलाई पूर्ण रुपमा बन्द गरेको छ। कुनै साहुले कसैलाई ऋण दिए त्यो अपराध हुने र त्यसको मुद्दा पनि सरकारले लड्ने व्यवस्था कानुनमा गरिएको छ । ऋण लिने भन्दा ऋण दिनेलाई सरकारले अपराधी मानेको छ। राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणीकरण भैसकेको सो कानुनले चेक लिएर गरिने लेनदेन, तमसुक अथवा जग्गा धितो राखेर गर्ने लेनदेनलाई अवैध मानेको छ । प्रचलित कानुन विपरीत हुने सम्पूर्ण कारोबार अवैध हुनेछ। त्यसकारण अब सामाजिक स्तरमा हुने लेनदेन सम्पूर्णरुपमा बन्द भएको छ । जग्गाको राजीनामा पास गराएर मात्र केहिले ऋणको कारोबार अझै गरिरहेका छन् । तर त्यो अत्यन्त जोखिमपूर्ण छ। जग्गा पास गरेर कर्जा लिने ऋणीले पनि उजुरी गरे साहुकारलाई थोरै भए पनि समस्या आउन सक्छ। आफ्नो धन लगानी गरी जेल जानु भन्दा त्यो काम नै नगर्नेको संख्या अत्यधिक बढेको छ। थोरै रकम हातमा हुने र थोरै रकम ऋण लिएर बिहाबारी गर्ने, श्राद्ध गर्ने, जग्गा खरिद गर्ने, वैदेशिक रोजगारीमा जाने, व्यवसाय गर्नेहरुका लागि अहिलेको कानुनले कयौं वर्षसम्म समस्या सृजना गरेको छ। बैंकले सबै कामका लागि ऋण प्रवाह गर्दैन् । अस्पतालमा उपचारका लागि जानु परे अथवा तत्काल पुग्नुपर्ने कुनै आवश्यक काम परे त्यतिखेर नगद अभावमा समस्या हुनेछ । उपचारका लागि पनि ऋण लिने सामाजिक चलन नै छ। ऋण नपाएकै कारण तराईमा कयौं मानिसले समुचित उपचार नपाएर ज्यान गुमाउनु परेका घटनाहरु सार्वजनिक भएका छन् । सरकारले ग्रामीण क्षेत्रका सर्वसाधारणहरुलाई सामाजिक कार्यका लागि पनि ऋण उपलब्ध हुने ठोस आधारहरु चाहिन्छ। सरकराले अब बैंकहरुलाई सहज ढंगले अगाडि बढाउन सकिन्छ।

# शीतको थोपाले कतै तिर्खा मेटिने हो



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

एकसय रुपैयाँभन्दा बढी मूल्यको सामान भारतीय बजारबाट भित्रयाएमा भंसार तिनुपर्ने नियम पुनः लागू गरिएको छ। यो नियमले गर्दा सीमावर्ती क्षेत्रका मध्यम एवम् निम्नवर्गमा आक्रोस उत्पन्न गराएको छ । नेपाली बजारको तुलनामा भारतीय बजारमा खाद्य वस्तुहरु धेरै सस्तो पाइएकाले अधिकांस व्यक्तिहरु किनमेलका लागि भारतीय बजार पुग्ने गर्दछन् । नाकामा भंसारका कर्मचारी र सशस्त्र प्रहरीले ति सामानहरु घरायशी प्रयोजनका लागि नै हो निर्क्यौल गरेपछि सहज ढङ्गले लग्न दिइन्थ्यो । क्षमताभन्दा अत्यधिक छ भने भंसार तिर्न लगाउथ्यो। केही दिनदेखि नेपाल सरकारले भारतीय बजारबाट सरसमान ल्याउँदा कडाइको कारण खोतल्नु पर्छ । भंसारमा अधिकतम एकसयभन्दा बढी सरसमानमा पनि भंसार लिनु भनेको शीतको थोपाले पानीको तिर्खा मेटाउनुसरह नै हो । शीतको थोपाले पानीको तिर्खा कदापि मेटिदैन् भन्ने थाहा हुँदाहुँदै किन सरकारको सो कदम चालेको विषयभित्रको रहस्य बुझ्नु आवश्यक छ । सामान्य रुपमा हेर्दा भंसारले राजस्वमा बृद्धि गर्न र नेपालको सीमावर्ती बजारको विक्रीमा बढोत्तरी गराउनका लागि सो नियम ल्याएको देखिन्छ।

भंसार कार्यालयले गत, आर्थिक बर्षमा भंसारका विभिन्न शीर्षकमार्फत राजस्व सङ्कलन गर्नका लागि निर्धारण गरेका लक्ष्य प्राप्त गर्न असमर्थ रह्यो । राजस्व सङ्कलन घट्नुको मुख्य कारण खोतल्न पर्ने र भंसारलाई आफ्ना कमी कमजोरीमा सुधार गर्नुपर्ने हो। यसो हेर्दा, राजस्व प्रभावित हुनुको मुख्य कारण नेपाल राष्ट्र बैङ्कले प्रतीतपत्र खोल्नमा अत्यधिक कडाइ गर्नु, चीनको नाका लामो समयसम्म बन्द रहनु र सीमावर्ती क्षेत्रबाट तस्करीका साथै भंसार कार्यालयभित्र पनि चलखेल हुने गरेको कारणले राजस्व सङ्कलन घटेको सहज रुपमा बुझ्न सकिन्छ।

सरकारले निर्धारण गरेको लक्ष्यअनुरुप राजस्व सङ्कलन नभएको अवस्थामा सम्बन्धित विभाग वा कार्यालयलाई कारणसहित जवाफ दिनुपर्ने हुन्छ । राजस्व सङ्कलनमा कमीको दोष कसैको टाउको माथि बर्जानु नै थियो । खुल्ला सीमानाको गलत उपयोग गरी नेपाली उपभोक्ताहरुले भंसार नतिरी निर्वाध रुपमा भारतबाट सामान ल्याउने गरेकाले नै राजस्व सङ्कलन प्रभावित भएको पुष्टि गर्न खोजिएको हो जस्तो बुझिन्छ । 'धान खाने मुसो चोट पाउँने भ्यागुत्तो' यो उखानलाई चरितार्थ भएको बुझिन्छ।

नेपालका सीमावर्ती बजार खाद्यानलगायतका वस्तुको मूल्यमा एकरुपता हुनु पर्‍यो र उचित मूल्यमा विक्री वितरण गर्‍यो भने अधिकांस वासिन्दा भारतीय बजारतर्फ उन्मुख हुँदैन् । अर्कोतर्फ, स्थानीयले आफ्नो घरायशी प्रयोगमा केही सरसमान ल्याउँदैमा तीन खरब रुपैया बरावरको राजस्व घट्यो भन्ने विश्वास गर्ने आधार त्यति बलियो छ, जस्तो लाग्दैन् । सरकारले सीमामा कडाइ गरेर राजस्वमा थोडबहुत बृद्धि गरेपनि अर्थतन्त्रमा धेरै ठूलो टेवा पुग्ने सम्भावना टाढा टाढासम्म देखिँदैन । आयातमार्फत राजस्व कमीको मुख्य कारणबाट ध्यान हटाउनका लागि अहिले नाकाहरुमा कडाइ गरिएको देखिन्छ।

गत बर्ष, श्रीलङ्कामा वैदेशिक मुद्रा घटेपछि त्यहाँको अर्थतन्त्र टाट पल्टिने अवस्थामा पुग्यो। यता, नेपालमा पनि टाट पल्टिने भविष्यवाणी जोडतोडका साथ शुरु भयो। विभिन्न पत्रपत्रिका धमाधम विदेशी मुद्राको सन्दर्भमा समाचारहरु प्रकासित र प्रशारित हुन थाल्यो । यो मुलुकमा हल्लाको धेरै प्रभाव पर्छ । जतिखेर, नेपालमा अर्थतन्त्र टाट पल्टिने खतरा चित्रण हुँदै थियो। उतिखेर, नेपालसँग नौं महिनासम्म धान्न सक्ने वैदेशिक मुद्राको भण्डारण थियो । जवकी, अन्तर्राष्ट्रिय मापदण्डको आधारमा ६ महिना धान्न सक्ने वैदेशिक मुद्राको सञ्चिति छ भने त्यो मुलुकको अर्थतन्त्र स्थिर अवस्थामा छ भन्ने सम्झिन्छ। नेपाल राष्ट्र बैङ्कले प्रतीतपत्र खोल्नमा अत्यधिक कडाइ गर्‍यो। थुप्रै विलासितालगायतका आवश्यक सामान र उद्योग एवम् निर्माण कार्यमा प्रयोग हुने सामानपनि आयात हुन पाएन् । अन्तोगत्वा, त्यसको असर गत, आर्थिक बर्षको आयातमा देखा पर्‍यो। ६ महिनापछि, राष्ट्र बैङ्कले खुल्ला गरेपनि अधिकांस व्यापारीहरु सामान भित्रयाउनमा खासै चासो देखाएनन् ।

सवैभन्दा पहिले भंसार कार्यालयले गत आर्थिक बर्षमा विभिन्न शीर्षकमा सङ्कलन गरेको राजस्वको सन्दर्भमा बुझ्न जरुरी छ। नेपालको कूल राजस्वमा भंसारको हिस्सा ४०देखि ५० प्रतिशत छ। यो धेरै ठूलो हिस्सा हो । गत आर्थिक बर्षमा आयात घट्दा भन्सारमार्फत सरकारलाई प्राप्त हुने राजस्वमा २२ प्रतिशत घटेको छ । आव ०७८/०७९मा १६ प्रतिशत आयात घटेको थियो । आयात हुँदा भंसार महशुल, अन्तशुल्क र मूल्य अभिबृद्धिकर (भ्याट) लगायतका शीर्षक राजस्व सङ्कलन हुने गर्छन् । भंसार विभागले गत, सोमवार सार्वजनिक गरेको गत आर्थिक बर्षको व्यापारसम्बन्धी तथ्याङ्कअनुसार, १६ खर्ब, ११ अर्ब ७३ करोड रुपैयाँको बस्तु आयात भएको छ। अघिल्लो आर्थिक बर्षमा १९ खर्ब २० अर्ब ४४ करोडको आयात भएको थियो।

नेपाल सरकारको आम्दानी नै राजस्व संकलनमा निर्भर छ। त्यसमा पनि आयातमार्फत राजस्व बढी हुने गर्दछ। आयात घट्नु राष्ट्रको अर्थतन्त्रको लागि सकारात्मक भएपनि आयात घट्दा राजस्व सङ्कलन प्रभावित भयो । विदेशी मुद्रा सञ्चिति गर्ने उद्देश्य राखेर ०७९ साल वैशाखदेखि पुससम्म विलासिता सामानमा प्रतिबन्ध लगाएको थियो । यसका साथै, नेपाल राष्ट्र बैङ्कले प्रतीतपत्र खोल्दा शतप्रतिशत मार्जिन राख्नुपर्ने व्यवस्था गरेको थियो। सो कारणले आयात प्रभावित भएको अनुमान गरिएको छ । सरकारले पुसमा लगाएको प्रतिबन्ध हटाएपछि नेपाल राष्ट्र बैङ्कले नगद मार्जिन राख्नुपर्ने व्यवस्था पनि हटाएको थियो। तापनि आयात बढ्न सकेन् । गत आर्थिक बर्षमा २१.४४ प्रतिशतले निर्यात घट्यो । व्यापार घाटापनि १५.४५ प्रतिशतले घटेको छ।

कुनैपनि मुलुकमा कृषिका साथै उद्योगले उत्पादन गरेका वस्तुको निर्यातबाट उठेको करको माध्यमबाट अर्थतन्त्र बलियो हुन्छ। तर, नेपालमा कृषिका साथै उद्योगहरु धरायशी अवस्थामा पुगेपछि सरकारसमक्ष आयातमैं निर्भर हुनु परेको छ। मुलुकमा रोजगारको व्यवस्था भएको भए युवाको पलायन रोकिन्थ्यो । धान, चामललगायत खाद्यान निर्यात गर्ने मुलुकमा विगत एक दसकभन्दा बढी समयदेखि कोदोपनि आयात गर्नु परिरहेको छ । चामल, गहूँ र दालका साथै खानेतेल, चिनीलगायत अधिकांस सामान आयात गर्नु परिरहेको छ। अहिले भारतले बासमति चामलबाहेक सवै चामलको निर्यातमा प्रतिबन्ध लगाएको छ । निश्चित रुपमा नेपालका बजारमा चामलको अप्रत्यासित रुपमा मूल्य बृद्धि हुनेछ । चामलको मौंज्दात कति छ त्यो यकिन गरिएको छैन्। नयाँ चामल तयार हुनमा अझैं लगभग चार महिना लाग्नेछ । अर्कोतर्फ, आयात भएन् भने मुलुकको अर्थतन्त्रमैं नकारात्मक असर पर्छ । मुलुकको अर्थतन्त्रको जग नै हल्लिन छ। कर्मचारीलाई तलव खुवाउन धौं धौं पर्छ। यसका साथै, विकासलगायतका कार्यमा प्रतिकूल असर पर्छ।

द्वितीय विश्वयुद्धपछि आर्थिक क्रान्ति शुरु भएको थियो। आर्थिक रुपले पिछडिएका मलेसियालगायत कतिपय मुलुकको तुलनामा नेपालको आर्थिक अवस्था बलियो नै थियो । मलेसियालगायतका मुलुकहरु विकसित राष्ट्रको श्रेणीमा पुगेका छन् । ति मुलुकहरुमा नेपालीहरु कामदारको रुपमा पुग्ने गर्छन् । विश्वमा कामदार पुर्‍याउने मुलुकको रुपमा नेपालको पहिचान बन्न थालेको छ । हामीलाई आत्मग्लानी हुनुपर्नेमा हामी गौंरुवान्वित हुन्छौं । बडो गर्वका साथ भन्छौं, हाम्रो मुलुकमा यति अर्बको रेमिट्यान्स भित्रिएको छ। यो लज्जाबोधको विषय हो । सरकारले नेपालीहरुलाई अर्काको मुलुकमा दासत्व ग्रहण बाध्य पारेको रुपमा सम्झनु पर्दछ। मुलुकमा उत्पादन नगर्ने, परनिर्भरतालाई बढावा दिने अनि घरपरिवार धान्नका लागि अलिकति सामान ल्याउँदा कडाईको नाममा सामान खोस्ने ? किन ? भारती बजार जानु पर्छ। किन ? नेपाली बजारमा सामानको सस्तोमा पाइदैन् । तीन बर्षसम्म उखुको मूल्य नपाउने किसानलाई काठमाडौंमा आमरण अनसनमा बस्नुपर्छ। किसानहरु उखुलगायतका खेतीबाट विमुख हुँदै गयो । त्यसको नतिजा हो, चिनी, तेलहन,दाल लगायतका खाद्यानहरुमा परनिर्भरता बढ्नु र अत्यधिक मूल्यमा खरिद गर्नुपर्ने बाध्य हुनुपरेको छ। किसानलाई आत्मनिर्भर बनाउनका लागि मात्रै बजेट विनियोजन गरेर सरकारलाई मूकदर्शक बन्नु हुँदैन् । त्यसको प्रतिफल किसानले पाएकी कृषिका कर्मचारीले त्यो हेर्नुपर्ने दायित्व निर्वाह गर्नुपर्ने हो । कुन कुन क्षेत्रमा लगानी गर्दा सकारात्मक प्रतिफल प्राप्त हुने र मुलुक आत्मनिर्भर हुने विषयमा दीर्घकालीन नीति बनाउनुपर्नेमा राजनेताहरु सत्तामा कसरी पुग्ने एकमात्र चाहना राखेको देखिन्छ।

अहिले नेपालमा एकसय रुपैयाँको सामान भित्रयाउन नदिनका लागि गिद्देदृष्टि राखेको छ। एकसय किलो सुन त्रिभुवन विमानस्थल भएर निस्कयो। कर्मचारी त कर्मचारी सुन जाँच्ने मेशिनपनि दृष्टिविहिन बन्यो । यसअघि, ललिता निवास जग्गा प्रकरण, नक्कली भुटानी शरणार्थी प्रकरणलगायत भ्रष्टाचारसँग जोडिएका थुप्रै प्रकरणहरुको जालमा मुलुक फस्दै गइरहेको छ। एकपछि अर्को घटनाको चर्चामैं हामी नेपाली रुम्मिलिएका छौं।

हामीलाई गर्व गर्नका लागि अन्य थुप्रै महत्वपूर्ण विषय छन् । कमसेकम विश्वसमक्ष हामी नेपालीले गौंरवान्वित भएर भन्नुपर्ने थियो कि हामी नेपाली आत्मनिर्भर छौं। एशियाको मापदण्डमा पुगेका छौं। केही बर्षभित्रै एशियाको सवैभन्दा विकसित राष्ट्रको रुपमा पहिचान स्थापित गर्छौं। हामी नेपाली विश्वका महत्वपूर्ण कम्पनीका उच्च पदमा कार्यरत छौं। हामी नेपाली अनुशासन र विद्वताको नाममा पनि अव्वल छौं । तर, त्यसको विपरीत आफ्ना पहिचान गुम्दै गइरहेका छन् । यतिखेर, विश्वमा कामदार पठाउने देशको रुपमा पहिचान स्थापित हुन लाग्नु दुःखको कुरा हो। जुन मुलुकको अर्थतन्त्र आन्तरिक रुपमा वलियो छ । त्यो मुलुकले आयात घटाउन खोज्छ । विदेशी मुद्राको सञ्चिति गर्छन् । नेपाल अव कृषि क्षेत्रमा पनि आत्मनिर्भर छैन् । चामल गहूँका साथै कोदो र मकैपनि आयात गर्नुपर्छ। उद्योग र व्यवसाय ओरालो लागेको छ। मुलुकको अर्थनीति रेमिट्यान्स र आयातित वस्तुको करमाथि निर्भर छ। यो कस्तो विडम्बना हो।

यत्रो महङ्गीको समयमा एक सय रुपैयाँ कति सामान हुने हो ? एक सय रुपैयाँको नियम खारेज गरी एक रुपैयाँको पनि सामान ल्याउँदा भंसार तिर्नुपर्ने नियम बनाउनु पर्छ वा कमसेकम दुई हजारको सामानसम्म खरिद गर्न पाउँने नियम बनाउनुपर्छ। भारतीय बजारबाट सामान किनमेल गरेपछि भंसार तिर्नु नैतिक कर्तव्य हो। तर, घरायशी प्रयोजनका लागि ल्याइएका सामानकै कारण राजस्व घटेको प्रमाणित गर्न खोजिएको देखिएकाले धान खाने मुसा चोट पाउने भ्यागुत्तो भन्ने उखान चरितार्थ भएको छ।'इतिश्री'

> यत्रो महङ्गीको समयमा एक सय रुपैयाँ कति सामान हुने हो ? एक सय रुपैयाँको नियम खारेज गरी एक रुपैयाँको पनि सामान ल्याउँदा भंसार तिर्नुपर्ने नियम बनाउनु पर्छ वा कमसेकम दुई हजारको सामानसम्म खरिद गर्न पाउँने नियम बनाउनुपर्छ । भारतीय बजारबाट सामान किनमेल गरेपछि भंसार तिर्नु नैतिक कर्तव्य हो । तर, घरायशी प्रयोजनका लागि ल्याइएका सामानकै कारण राजस्व घटेको प्रमाणित गर्न खोजिएको देखिएकाले धान खाने मुसा चोट पाउने भ्यागुत्तो भन्ने उखान चरितार्थ भएको छ ।

# हाम्रा नाटक जीवन्त छन्, त्यसैले विदेशी पनि धेरै मन् पराउँछन्

**प्रा डा सावित्री कक्षपति**

(प्रा डा सावित्री कक्षपतिले करिब ३४ वर्ष नेपाली भाषा साहित्य, नाटक र पाश्चात्य समालोचना विषय प्राध्यापन गर्नुभयो। उहाँले बालकृष्ण समका नाटकमा रङ्गशिल्प विषयमा विद्यावारिधि गर्नुभएको छ। विसं २०१६ मा पाल्पाको तानसेनमा जन्मनुभएका उहाँका नेपाली साहित्य, लोकसंस्कृति तथा समालोचनाका विषयमा पुस्तकहरू प्रकाशित छन् । प्रस्तुत छ नाटकको अध्ययन अनुसन्धानमा विशेष रुचि राख्ने समालोचक प्रा डा कक्षपतिसँग नेपाली नाटक विधामा केन्द्रित रहेर राससका समाचारदाता विमलबहादुर विष्टले गर्नुभएको कुराकानीमा आधारित विचार् ।)

नेपाली समाजको चेतनास्तर निर्माण गर्न र वाक स्वतन्त्रतामार्फत प्रजातन्त्र ल्याउन नाटक विधाले गरेको योगदानको हिसाब कसले राख्ने ? यही पृष्ठभूमिको पछिल्लो दृष्टान्त संविधानसभा निर्वाचनलाई नै लिन सकिन्छ। नेपालमा पहिलोपटक विसं २०६४ मा भएको संविधानसभाको निर्वाचनमा बढीभन्दा बढी नागरिकलाई मतदानका लागि तयार पार्ने काम सडक नाटकले नै गरेको हो।

जनताले पाउने संविधान कस्तो हुनुपर्छ र सबै नागरिक यो महानिर्वाचनमा किन सहभागी हुनुपर्छ भन्ने विषमा प्रस्तुत गरिएको सडक नाटकले नेपालका गाउँ तथा कुना कन्दरासम्म सकारात्मक सन्देश पुर्‍याएको थियो। यसकारण धेरै मत खसेको र सबै नागरिकले आफ्नो मताधिकारको प्रयोग गर्न मतदान केन्द्रसम्म पुगेका थिए भनेर यसको प्रारम्भिक अनुसन्धानमा संलग्नहरूको प्रतिक्रिया हामीले सुनेका हौं।

नेपाली नाट्य क्षेत्रका एक बादशाह अशेष मल्लले लेख्नुभएका नाटक उहाँकै निर्देशनबाट देशव्यापी प्रदर्शन गरिएको थियो। मलाई लाग्छ संसारका अरु देशमा खोज्दा पनि यस्तो उदाहरण सायदै कतै भेटिन्छ होला कि एउटै सन्देशको नाटक एकै समयमा देशका सबै वडा वडामा प्रदर्शन गरिएको थियो। नेपालमा नाट्य क्षेत्रकै इतिहासमा यो एक ऐतिहासिक क्षण हो।

निर्वाचन आयोगले सर्वनाम, आरोहण र कुसुमलाई नाटकबाट प्रचार गर्न गरेको आग्रहलाई हामीले मान्यौं र सर्वनामको सहयोगमा यसलाई देशव्यापी बनायौं। जसका कारण देशव्यापीरूपमा संविधानसभाको आवश्यकता र महत्वको सन्देश पुग्यो।

यस निर्वाचनमा कसरी चुनाव प्रचार गर्ने, कसरी मतदान गर्ने, मतदान किन गर्ने, संविधान सभापछि कसरी नागरिकको अधिकार स्थापित हुन्छ भन्ने कैयौं प्रश्नका जवाफ र सकारात्मक सन्देशहरू समेटिएको थियो। मतपत्र बोकेर घरघरमा गएको, मतदान गर्न सिकाएको र कसरी मतदान गर्ने र नागरिकले के पाउँछन् भन्ने जानकारीहरू सडक नटकमा समेटिएकाले नागरिकको व्यापक सहभागिता भयो।

त्यस समय निर्वाचन आयोगले नै सडक नाटकको महत्वलाई बुझेर यो अनुरोध गरेको थियो र यसको प्रभाव पनि देखियो। त्यो पहिलो संविधानसभाले संविधान लेख्न सकेन र पछि आएर अर्को निर्वाचन पनि गर्नुपर्‍यो। त्यतिबेला भने अशेष मल्लले पुनःनाटक लिएर जान मान्नुभएन। पहिलो संविधानसभामा जनतामा जगाइएका आशाहरू मरिसकेको थियो र र जनतामा राजनीतिक अस्थिरताको निराशा पलाएका खबरहरू सञ्चारमाध्यमले नै सम्प्रेषण गरिरहेका थिए।

कुनै पनि देशको सामाजिक रुपान्तरणका अवयवहरू धेरै हुन्छन् र तिनले त्यस देशमा नागरिकका हकअधिकारका क्षेत्रमा आवाज बुलन्द गरेका र गर्न सिकाएका हुन्छन्। नेपालमा पनि जहानियाँ राणा शासनदेखि पञ्चायत हुँदै बहुदलीय व्यवस्था र वर्तमान गणतान्त्रिक शासन व्यवस्थासम्म आइपुग्दा धेरै राजनीतिक उतारचढाव आए। ती सबै जनताले देखे र भोगे। उनीहरूका आँखै अगाडि धेरै परिवर्तन पनि भए। तर कसरी ? पत्रकारिता, साहित्य, चलचित्र, राजनीतिकर्म आदि क्षेत्र हुन् जसले मुलुकको रुपान्तरणमा भूमिका निर्वाह गरेका छन् र ती सबैभन्दा जीवन्त र प्रभावकारी माध्यम नाटक नै थियो। अहिले पनि नागरिकमा चेतना जागृत गरी देशमा आमूल परिवर्तन ल्याउन नाटकको सहयोग सार्थक हुनसक्छ, अहिले पनि नाटकको प्रभाव विगतकोभन्दा घटेको छैन।

**प्रजातन्त्रका लागि नाटक**

विसं २०३६ को जनमत सङ्ग्रह पहिले तत्कालीन राजाले संविधान संशोधन गरे र नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लाग्यो। यो कुरा जनतालाई थाहा त थियो तर बोल्ने कसरी ? राजनीतिक व्यवस्था पञ्चायती अनि राजनीतिह दलमाथि प्रतिबन्ध नै थियो। जनताले आफ्ना भावना र मनको कुरा बोल्ने कसरी ? त्यतिबेला नागरिकसम्म पुग्ने अश्त्र अर्थात् माध्यम थिए नाटक, साहित्य, पत्रकारिता, चलचित्र अनि हास्यब्यङ्ग्य।

त्यतिबेला पनि नाटकले जनता जगाउने काम गरेको छ। विसं २०३३ मा तुवाँलोले ढाकेको बस्ती भन्ने नाटकले राजधानी काठमाण्डु मै तहल्का मच्चाएको थियो। नागरिकले रङ्गमञ्चमा आफ्ना कथा हेर्न खोजेका रहेछन्। किनभने ती कथालाई रङ्गमञ्चमा देखाउँदा आफ्नै जीवनशैली र कथा व्यथा पाएको अनुभूति उनीहरूले गरे। तर एकेडेमीमा दरबारका कुराहरू मात्रै देखाइन्थे, ठूलाबडाका कथाहरू मात्र सुनाइन्थे। मोफसलबाट आए कलाकर्मीहरू। जस्तो दार्जिलिङबाट मनबहादुर मुखिया आए देउराली नाटक लिएर। उता धनकुटाबाट अशेष मल्ल आए समूह लिएर। देउरालीमा हाम्रै गाउँघरमा भएका कथा पनि रङ्गमञ्चमा हेर्न पाइन्छ भनेर आए दर्शक। त्यसबेला त्यो नाटक हेर्न कमलादी मान्दिरमा बिहान ४ बजेदेखि लाइन बसेर टिकट किनेको मलाई सम्झना छ। तर केन्द्रमा नाटक देखाउने र हेर्ने बढी थिए तर गाउँमा थिएनन्। पछि सडक नाटकको अवधारणाका साथ आएका अशेष मल्लले सडक नाटकबाटै सडक तताएको देखिएको थियो।

विसं २०३६ को जनमत सङ्ग्रहकै सेरोफेरोमा 'हामी वसन्त खोजिरहेका छौं' सडक नाटक प्रदर्शन भयो। अशेष मल्लको यस नाटकबाट मानिसले मनोरञ्जन लिन सकिन्छ भन्ने दर्शकले बुझे। जनमत सङ्ग्रहमा यतिधेरै मत बहुदलवादीहरूको आउन तथा पञ्चायतले झिनो मतले मात्र जित्नमा यी नाटककै योगदान छ भन्ने मेरो बुझाइ छ। विसं २०३६ को जनमत सङ्ग्रह घोषणा भएपछि सडक कविता क्रान्ति गर्नुपछ भनेर मल्ललगायत अरु पनि अए। यो नाटकमा नागरिकका लागि प्रशस्त मनोरञ्जन थियो अनि जनचेतनामूलक सन्देशहरू पनि।

यसले नागरिकलाई आफ्ना अधिकारहरू लिनका लागि उनीहरूलाई जागरुक गराउने प्रयत्न गरेको थियो। त्यो सन्देश स्पष्टै बुझिन्थ्यो। त्यस्तै सडक कविता क्रान्तिका अभियानबाट पनि गाउँ गाउँमा पुगिएको थियो। मलाई सम्झना छ एकपटक धुनकुटामा त 'गो ब्याक अशेष' भनेर नारा नै लगाएका थिए। यस्तै त्यसबेलाको प्रहरी प्रशासनले कवि कलाकारहरूका पछिपछि गुप्तचर नै लगाएका थिए। मलाई लाग्छ २०४६ को जनआन्दोलनलाई सडक कविताले नै प्रोत्साहन गरेको हो। सडक कविता तथा सडक नाटकका माध्यमबाट नागरिकले आफ्ना अधिकार र प्रजातन्त्रका बारेमा धेरै कुरा बुझे। गाउँमा पुगेको सन्देशले धेरै मानिसलाई नागरिक अधिकार र प्रजातन्त्रका बारेमा बुझ्न सहज पनि बनायो। सडक नाटकहरू पुलिस क्लबमा, बन्द रङ्गमञ्चमा, सडकमा, एकेडेमीमा देखाइयो र सबैले मन पराए। जनमत सङ्ग्रहपछि विसं २०३८ पछि सर्वनाम नाट्य समूह खुल्यो र छोटै समयमा निकै चर्चामा आयो।

यसरी नेपालमा नेपाली नागरिकको चेतनाको स्तर बृद्धि भएको नाटककै कारणबाट हो भन्ने मलाई लाग्दछ। सडक नाटकले नागरिकस्तरको अधिकार प्राप्तिका लागि ठूलै सहयोग गरेको छ। विसं २०४६ मा नेपाली नागरिक तथा विभिन्न क्षेत्र र वर्गलाई जनआन्दोलनका लागि तयार पार्ने काममा अरु अवयबहरूका साथै नाटकको पनि योगदान छ। त्यतिबेला त नाटक हेर्न नागरिक सडकमा जाने होइन कि नाटक नागरिकमाझ जानुपर्छ भन्ने उदेश्यले सडक नाटक नागरिक माझमा पुग्दा जनता जगाउन सघाएको छ। उबेला हामीले भन्थ्यौं प्रहरीको बन्दुकभन्दा पनि बलियो सडक नाटक बनेको छ, जसले बन्दुककोभन्दा शक्तिशाली काम गरेको छ। नागरिक बन्दुकको अघि करले बोल्थे या बोल्दैनथे। तर नाटकले जनताको मन जितेको थियो र नागरिक स्वतन्त्रताका लागि भित्रैदेखि तयार पारेको थियो। यति प्रभावकारी विधालाई अहिलेका सरकारहरूले कसरी प्रयोग गर्ने ? यो उनीहरूले नै बुझ्नुपर्ने कुरा हो।

**के हो नाटक ?**

नाटक जीवन हो। जीवनलाई हेर्ने एउटा जिवन्त ऐना नाटक हो। शब्द कुन प्रयोग गर्छौं, कस्तो खालको शब्दबाट नाटकलाई हामी प्रस्ट्याउने प्रयत्न गर्छौं त्यसमा भर पर्छ, तर नाटक भनेको मानवीय जीवनलाई नै जीवन्तता प्रदान गर्ने एउटा औजार हो भन्छु म। लेखकले समाजलाई जुन सन्देश तथा मनोरञ्जन दिने ध्येयले नाटक लेखेको हुन्छ त्यसलाई जस्ताको जस्तै उतार्न सक्यौं भनेमात्र त्यसले जीवन्तता दिन्छ। राम्रो अभिनयले पनि नाटकमा त्यसको जीवन भर्दछ। खास त दर्शकले अभिनय नै हेर्ने हो। जसले नाटकको कथा बुझेको पढेको छैन उसले पनि अभिनय हेरेर त्यसैबाट सबै सन्देश ग्रहण गर्ने गर्दछ। त्यसैले नाटकलाई अभिनयले जीवन्तता दिन्छ।

नाटक दृष्य विधा हो। लेखिन्छ र मञ्चमा जानुपर्छ। मञ्चमा जाने मापन टुलहरू लेखकले दिएको हुन्छ। नाटक र जीवनको यस कोणबाट नाटकहरू विश्लेषण भएका थिएनन्। त्यही हिसाबले मैले पनि मेरो विद्यावारिधिमा रङ्गमञ्च रोजेको हुँ। मेरो अध्ययनले पनि निर्देशकको परिकल्पनामा भरपर्ने कुरा हो भन्ने बुझ्यो।

मलाई पनि सुरुमा बालकृष्ण समका नाटकको रङ्ग शिल्प के सम्भव छ भन्ने लाग्दथ्यो। बालकृष्ण समका नाटक रङ्गमञ्चीय दृष्टिले असम्भव छैनन् कि अर्थात् मञ्चन योग्य छैनन् कि भन्ने लागेको थियो। उहाँका नाटकको मञ्चनमा मलाई कताकता अपूर्ण पो भयो कि भन्ने लागिरहेको थियो। हामीलाई त्यही दृष्टिले पढाइएको पनि थियो। पछि प्रचण्ड मल्ल र हरिहर शर्माले हामी यहाँ नाटक मञ्चन गरिरहेका छौं, तर तपाईंले किन यसो भनेको भनी प्रश्न गर्नुभयो। मेरो प्रश्नपछि उहाँहरूले समको कुन चाहिँ नाटक रङ्गमञ्चीय दृष्टिमा असम्भव छ र भनेपछि विस्तारै म पनि 'कन्भिन्स्' भएँ। बालकृष्ण समका नाटकमा लामालामा संवाद भएका र लयबद्ध भएका संवादको मञ्चन गाह्रो जस्तो लागेको थियो। त्यसैले मैले मेरो अध्ययन पनि समका नाटकको रङ्गशिल्प शीर्षक छानेको हुँ।

**कस्ता छन् अहिलेका नाटक ?**

अहिले पनि देशमा विभिन्न सङ्घसंस्थाको सहयोगमा सडक नाटक प्रस्तुत भइरहेका छन्। पछिल्लो समयमा सडक नाटकमा अहिले कलात्मक सौन्दर्यका नारा बढी तर नाटकीय शिल्प कम गरिएका छन् जस्तो मलाई लाग्छ। अहिले पनि नाटकमा अत्यन्त ऊर्जाशील रङ्गकर्मीहरू आएका छन्। सरकारकातर्फबाट भने खासै सहयोग भएको देखिँदैन। हो, अहिलेका नाटक नाटक जस्तै देखिएका छन्।

सबैमा आ-आफ्नै रुचि हुन्छन्, तर कलात्मक शैलीमा हाम्रा कुरा, हाम्रो अवस्था, हाम्रो व्यवस्था, हाम्रो संस्कार, हामीलाई चिनाउनुपर्छ। हामी कसरी बाँचेका छौं, हाम्रो अग्रगामी चिन्तन के छ, त्यो विषयलाई जनतासमक्ष देखाउनु राम्रो हुन्छ। जस्तो कि अहिले त समाजमा विषय धेरै छन् अनि जनतामा पुर्‍याउनुपर्ने काम र सन्देश पनि धेरै छन्। मलका कुरा, बिरुवा रोप्ने कुरा, राजनीति र यसका विकृति एवं परिवर्तनका कुरा, रोगव्याधिका कुरा, नारी अधिकारका कुरा, कुप्रथा हटाउनुपर्ने कुरा आदिका प्रचारप्रसार गर्नु परे सडक नाटकबाट गर्नुपर्‍यो भनेर विभिन्न मन्त्रालयले बजेट विनियोजन नै गर्न सक्छ। यसो हुँदा गाउँगाउँमा भाइ बहिनीहरूले संस्था नै खोलेर सडक नाटककै माध्यमबाट प्रचारप्रसार गर्न सुरु गरिरहेकाले उनीहरूलाई पनि साथमा लिन सकिन्छ।

**हाम्रै नाटक रूचाउँछन् विदेशी**

विदेशमा लैजाँदा नेपाली नाटक विश्व रङ्गमञ्चमा कथाका दृष्टिले सबैभन्दा बढी हाम्रै नाटक रुचाइन्छ। हाम्रा नाटकमा धेरै कथा छन्। अरुका नाटकमा कमेडी बढी छन्। हाम्रा नाटकहरूमा यथार्थ बढी छ जसले नागरिकका जीवनशैली र उनीहरूका वास्तविक भोगाइ छन्।

जस्तो कि केही समयअघि हामीले बैंलोरमा नेपाली नाटक देखाउँदा त्यहाँ भारतीय मात्र नभएर धेरै विदेशी दर्शक थिए। उनीहरू सिनेमा हेरेभन्दा बढी मानिसको जीवनका वास्तविक भोगाइ नै देखियो भनेर निकै प्रशंसा गरेका थिए। हामीले विदेशमा हाम्रा नाटकहरूको तुलना नै अलग्गै हुन्छ। सबैले नेपाली कथालाई आफ्नै कथामा ढालेर हेर्न र बुझ्न सकिने कला भेर दर्शक भाभुक हुन्छन्। हाम्रा नाटकमा गाउँ र सहर दुवै छ अनि कला र वास्तविकता समेटिएको हुन्छ। हाम्रो देशको अद्वितीय कला संस्कृति, भेषभूषा, जातीय भाषिक विविधता र हाम्रो अलौकिक भौगोलिक बनावट पनि हुनसक्छ हाम्रा नाटकले विश्वका दर्शकले आफ्नै कथा मानेर हेर्न सक्ने बताउने गरेका छन्।

चलचित्र र नाटकमा फरक छ। हुनत नाटकभन्दा बढी मास मिडियामा फिल्म पुग्ला। तर नाटक त्योभन्दा पनि बढी जीवन्त हुन्छ। तुलनाको हिसाबले कुरा गर्दा नाटक जीवन्त हो। फिल्मलाई बनाइएका कथा मानिन्छ तर यसले पनि समाजमा सन्देश त उस्तै नै दिन्छ। तर नाटकबाट मानिसहरू बढी प्रभावित र भावुक हुन्छन्। यसको मापन गर्दा पनि त्यो अवस्था भेटिन्छ। रासस

# भ्रष्टाचारमा संलग्न जुसकुकै पार्टी र परिवार भए पनि कारबाही हुन्छ : उपप्रधानमन्त्री श्रेष्ठ



काठमाण्डु । उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले भ्रष्टाचार, बेथिती र ठगी प्रकरणमा संलग्नलाई कारबाहीको दायरामा ल्याइने बताउनुभएको छ। गोकर्णेश्वरको जगडोलस्थित राष्ट्रिय सहिद तथा शान्ति उद्यानमा शनिवार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भ्रष्टाचारमा जुनसुकै राजनीतिक दल, परिवार तथा ओहोदाका व्यक्ति संलग्न भए पनि कारबाही गरिने बताउनुभयो।

वर्तमान सरकारले सुशासनलाई पहिलो सर्त बनाएको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले सुशासनबिना समृद्धिको यात्राले फड्को मार्न नसक्ने बताउनुभयो । "भ्रष्टाचार, बेथिती र ठगी विरोधी अभियान रोकिँदैन", उहाँले भन्नुभयो, "जुनसुकै राजनीतिक पार्टी, परिवार, व्यापारिक घराना र नातासम्बन्धका हुन्, कसैसँग सरकारलाई मतलब छैन, अनुसन्धानका आधारमा दोषी देखिन्छ भने कारबाहीको दायरामा ल्याइन्छ।"

मुलुकमा सुशासन स्थापना गर्न सरकारले चालेको भ्रष्टाचारविरुद्धको अभियानमा सबैको साथ आवश्यक रहेको उपप्रधानमन्त्री श्रेष्ठले उल्लेख गर्नुभयो । "आम जनता अब देशमा केही हुन्छ भन्नेमा आशावादी छन्", उहाँले भन्नुभयो, "भ्रष्टाचारविरुद्धको अभियानको विपक्षमा उभिनेका सम्बन्धमा सचेत हुनुपर्छ।" भ्रष्टाचार विरोधी अभियानको विपक्षमा आवाज उठाउनेबाट सरकारको यस अभियानलाई कुनै पनि हालतमा विश्राम दिन नसक्ने उहाँको भनाइ थियो। भ्रष्टाचार र कमिसनले जरा गाड्दा रानजीतिक परिवर्तनपछि समृद्धिको यात्राले गुणात्मक फड्को मार्न नसकेको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले कमिसन र भ्रष्टाचारले देशलाई बर्बाद बनाएको बताउनुभयो । उहाँले समृद्धिको यात्रालाई अगाडि बढाएर मुलुकलाई समुन्नत बनाउने सहिदका सपना पूरा गर्न बाधक बनेको भ्रष्टाचारलाई जरैदेखि उन्मुलन गर्नु आवश्यक रहेको उल्लेख गर्नुभयो । "अब भ्रष्टाचार र कमिसनखोरी अन्त्य गरिदिनुपर्छ, जसले नियमविपरित काम गरेका छन् तिनलाई कानूनको दायरामा ल्याउनुपर्छ", उहाँले भन्नुभयो, "तबमात्रै सुशासन स्थापित हुन्छ। यसबाट मात्रै समृद्धिको लक्ष्य हासिल हुन सक्छ।"

समृद्धिपछि मात्रै सामाजिक न्याय स्थापित गर्न सकिने उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले राजनीतिक परिवर्तनको उद्देश्य पूरा गर्न राजनीतिक दलका नेता कार्यकर्ताले सोच्नुपर्ने बताउनुभयो । "राजनीतिक परिवर्तनलाई माध्यम बनाएर सामाजिक, आर्थिक रुपान्तरण कसरी गर्ने ? नसोची आफ्नो पद कसरी प्राप्त गर्ने, पदको दुरुपयोग गरेर परिवारको मात्रै समृद्धिको कल्पना गर्ने, संविधान र कानूनलाई तोडेर भए पनि आफ्ना पार्टी वरिपरिका मान्छेलाई कसरी पोस्ने भनेर सोच्यौँ भने सहिदको सपना पूरा हुँदैन", उहाँले भन्नुभयो।

उपप्रधानमन्त्री श्रेष्ठले राजनीतिक दलका नेता कार्यकर्ता तथा राज्यका निकायले सहिदलाई सम्झेर आफूलाई सच्याउनुपर्ने बताउनुभयो । "मजदुर, किसान, महिला, दलित र पिछडिएका क्षेत्रका जनता, सबै सीमान्तकृत समुदायले परिवर्तनको लाभ प्राप्त गर्‍यौं भन्ने अनुभूति दिलाउनुपर्छ", उहाँले भन्नुभयो, "यो परिवर्तनको रक्षा जनताले नै गर्ने अवस्था हामीले बनाउनुपर्छ।"

उपप्रधानमन्त्री श्रेष्ठले सामाजिक र आर्थिक रुपान्तरणको प्रक्रियालाई तीव्र पारेर त्यसको प्रतिफल आम नागरिकले सहजै प्राप्त गर्ने वातावरणको सिर्जना गर्नु राजनीतिक दलको दायित्व भएको बताउनुभयो । सो अवसरमा उपप्रधानमन्त्री श्रेष्ठले उद्यानमा रहेको सहिद स्मारकको अवलोकन र सहिदप्रति माल्यार्पण गर्नुभएको थियो । उहाँले उद्यान परिसरमा वृक्षरोपणसमेत गर्नुभएको थियो। रासस

***वर्तमान सरकारले सुशासनलाई पहिलो सर्त बनाएको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले सुशासनबिना समृद्धिको यात्राले फड्को मार्न नसक्ने बताउनुभयो। "भ्रष्टाचार, बेथिती र ठगी विरोधी अभियान रोकिँदैन", उहाँले भन्नुभयो, "जुनसुकै राजनीतिक पार्टी, परिवार, व्यापारिक घराना र नातासम्बन्धका हुन्, कसैसँग सरकारलाई मतलब छैन, अनुसन्धानका आधारमा दोषी देखिन्छ भने कारबाहीको दायरामा ल्याइन्छ।"***

# बाघको संरक्षणमा नेपाल अग्रणी मुलुक : प्रधानमन्त्री दाहाल



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाघलगायत दुर्लभ वन्यजन्तुका प्रजाति संरक्षणमा नेपालले अग्रणी राष्ट्रका रूपमा विश्वभर पहिचान राख्न सफल भएको बताउनुभएको छ।

विश्व बाघ दिवसका अवसरमा शनिवार शुभकामना दिँदै उहाँले नेपालले सन् २०२२ सम्ममा बाघको सङ्ख्या दोब्बर बनाउने लक्ष्य लिएकामा सो लक्ष्य निर्धारित अवधि अगावै पूरा भएकामा सबैप्रति बधाई ज्ञापन गर्नुभएको छ।

नेपालले सन् २०१० मा रसियाको सेन्ट्स पिटर्सवर्गमा सम्पन्न विश्व बाघ सम्मेलनमा सन् २०२२ सम्ममा बाघको सङ्ख्या दोब्बर बनाउने लक्ष्य लिएको थियो । सो लक्ष्य तोकिएको अवधिअगावै पूरा भएको छ । प्रधानमन्त्री दाहालले नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष गरेको प्रतिबद्धता पूरा गरेकोमा सबैप्रति आभार प्रकट गर्नुभएको छ।

उहाँले निर्धारित लक्ष्य हासिल गर्न क्रियाशील वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भू-संरक्षण विभाग, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरक्षण साझेदार संस्था, कर्मचारी र स्थानीय समुदायलाई धन्यवाद दिनुभएको छ। प्रधानमन्त्री दाहाले बाघको सङ्ख्या वृद्धि भएसँगै मानव र बाघबीचमा हुने आपसी द्वन्द्वका घटनामा समेत वृद्धि भएको उल्लेख गर्नुभयो । बाघ र मानिसबीचको सहअस्तित्व कायम राख्न संरक्षित क्षेत्रको प्रभावकारी संरक्षण गरी आहारा प्रजातिको उपलब्धता बढाउन र बासस्थान व्यवस्थापन गर्न आवश्यक रहेको उल्लेख गर्दै उहाँले स्थानीय समुदायको जीविकोपार्जनमा समेत सुधार हुनुपर्ने बताउनुभयो।

"बाघको संरक्षण तथा व्यवस्थापनमा थपिएका चुनौतीलाई सम्बोधन गर्न बाघसम्बन्धी थप अध्ययन अनुसन्धान, अग्रपङ्क्तिमा खटिएका कर्मचारीको क्षमता अभिवृद्धि, सम्बद्ध सरकारी तथा गैरसरकारी क्षेत्र अन्तर्राष्ट्रिय साझेदार संस्थाबीचको समन्वय उत्तिकै आवश्यक छ", प्रधानमन्त्री दाहालले भन्नुभएको छ।

उहाँले बाघको बासस्थान नजिकका स्थानीय समुदायलाई जनचेतनामूलक कार्यक्रम तथा वैकल्पिक आयशनिवार्रनसम्बन्धी कार्यक्रमको आवश्यकतालाई मध्यनजर गरी गत वर्ष राष्ट्रिय बाघ संरक्षण समितिको बैठकबाट 'प्रधानमन्त्री बाघ संरक्षण तथा जीविकोपार्जन कार्यक्रम' कार्यान्वयनमा ल्याउन वार्षिक रु एक अर्ब बजेट परिचालन गर्ने निर्णय गरिएको जानकारी दिनुभयो । प्रधानमन्त्री दाहालले जैविक विविधता संरक्षणका क्षेत्रमा नेपालले अन्तर ाष्ट्रिय समुदायसामु गरेका प्रतिबद्धता पूरा भएकामा खुसी व्यक्त गर्दै आगामी दिनमा मानव र वन्यजन्तुबीचको सह-अस्तित्व कायम गर्नमा आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्न आह्वान गर्नुभयो । उहाँले शनिवारका दिनमा बाघलगायत अद्वितीय जैविक विविधता संरक्षणमा थप ऊर्जा र हौसला प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

प्रधानमन्त्री दाहालले बाघ संरक्षणमा योगदान गर्ने सरकारी अधिकारी एवं समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीमा शुभकामना व्यक्त गर्नुभएको छ । उहाँले आगामी दिनमा संसारभर बाघ र मानवबीच सह-अस्तित्व कायम भई बाघ संरक्षण कार्य अझै प्रभावकारी बन्न सकोस् भनी कामनासमेत गर्नुभएको छ।

'मानव बाघ सहअस्तित्व' नाराका साथ राष्ट्रिय बाघ संरक्षण समितिको आयोजनामा शनिवार नेपालमा पनि विश्व बाघ दिवस मनाइँदैछ। प्राकृतिक वातावरणको सन्तुलनमा बाघको अहम् भूमिका हुने भएकाले समग्र जैविक विविधता संरक्षणको सन्दर्भमा बाघले विशेष महत्व बोकेको हुन्छ । बाघ एक दुर्लभ र लोपोन्मुख प्रजातिको वन्यजन्तु हो। बाघलाई पर्यावरणीय स्वच्छताको सूचकको रूपमा लिइन्छ। रासस

# अध्यक्ष नेपाल स्वदेश फिर्ता

काठमाण्डु। नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल विभिन्न तीन मुलुकको भ्रमण सम्पन्न गरी शनिवार स्वदेश फिर्ता हुनुभएको छ।

त्रिदेशीय भ्रमणका क्रममा उहाँ गत आइतबार इन्डोनेसिया प्रस्थान गर्नुभएको थियो । अन्तर्राष्ट्रिय कम्युनिस्ट पार्टीको बैठकमा सहभागी हुन इन्डोनेसिया पुग्नुभएका अध्यक्ष नेपालले कम्युनिस्ट पार्टीहरुको अन्तर्राष्ट्रिय बैठकमा विश्व परिवेशमा कम्युनिस्ट सिद्धान्तको अवस्था, देश विकासमा त्यसको प्रभाव र योगदानबारे विचार व्यक्त गर्नुभएको थियो।

बैठकमा सहभागी भएर अध्यक्ष नेपाल मलेसिया र सिङ्गापुरको भ्रमणमा हुनुहुन्थ्यो । करिब एक साताको भ्रमणमा उहाँले तीनवटै मुलुकका शीर्षनेतासँग शिष्टाचार भेट तथा दुई देशीय हितका बारेमा छलफल गर्नुभएको पार्टी पोलिटब्युरो सदस्य दिलु पन्तले जानकारी दिनुभयो।

पार्टीका नेता तथा कार्यकर्ताले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यक्ष नेपाललाई स्वागत गर्नुभएको थियो। रासस

# वन्यजन्तु र मानवबीचको द्वन्द्व न्यूनीकरण गर्नुपर्छ : पूर्वराष्ट्रपति भण्डारी

काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले बाघको संख्या बढेसँगै वन्यजन्तु र मानवबीचको द्वन्द्व न्यूनीकरण गर्नतर्फ ध्यानार्कषण गराउनुभएको छ।

शनिवार विश्व बाघ दिवसको शुभकामना दिँदै उहाँले बाघको सङ्ख्यासँगै मध्यवर्ती क्षेत्रमा बाघको आक्रमणबाट मानिसको मृत्यु हुने घटना वृद्धि भएकोप्रति चिन्ता व्यक्त गर्नुभएको हो। उहाँले दिवसका अवसरमा वन्यजन्तु र मानवबीचको द्वन्द्व न्यूनीकरण गर्नतर्फ सम्बद्ध पक्षको ध्यानार्कषण गराउनुभयो । "बाघ विचरण गर्ने वन क्षेत्रको विस्तार, बाघका लागि आहारा हुने वन्यजन्तुको सङ्ख्या वृद्धि गर्न घाँसे मैदानको विस्तार र मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने समुदायमा सचेतना अभिवृद्धिका साथै वैकल्पिक जीविकोपार्जनका उपायको उचित व्यवस्थापन गर्न सम्बद्ध पक्षले ध्यान पुर्‍याउनु पर्दछ", शुभकामना सन्देशमा उल्लेख छ।

पूर्वराष्ट्रपति भण्डारीले बाघको संरक्षण नेपालको पर्यटन प्रवर्द्धन एवं आर्थिक विकासका लागि महत्त्वपूर्ण भएको भन्दै संरक्षणका उचित उपाय अवलम्बन गर्न र त्यसलाई निरन्तरता दिन आह्वान गर्नुभयो । नेपालले लक्ष्यभन्दा बढी बाघको सङ्ख्या वृद्धि गरी हाल तीन सय ५५ पुर्‍याउन सफल भएको जनाउँदै उहाँले बाघको संरक्षणमा सम्बद्ध सबैलाई थप प्रेरणाका लागि शुभकामनासमेत व्यक्त गर्नुभयो।

"विश्वका १३ देशमा मात्र पाइने पाटेबाघलगायत दुर्लभ वन्यजन्तुका प्रजाति संरक्षणमा नेपालले सकारात्मक पहिचान निर्माण गर्नु गौरवको विषय हो", शुभकामना सन्देशमा उहाँले भन्नुभएको छ, "यस अवसरमा म वन्यजन्तु संरक्षणसँग सम्बद्ध निकाय, सङ्घसंस्था, समुदाय र संरक्षणकर्मीलाई हार्दिक बधाई दिन चाहन्छु।" रासस

# समसामयिक राजनीतिक विषयमा शीर्षनेताबीच छलफल

काठमाण्डु । सत्ता गठबन्धनमा आबद्ध दलका शीर्षनेताहरूका बीचमा मुलुकको पछिल्लो राजनीतिक अवस्था र समसामयिक राजनीतिक विषयमा छलफल भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिवार भएको छलफलमा कोशी प्रदेशको सरकार गठनलगायत समसामयिक विषयमा शीर्षनेताहरूबीच अनौपचारिक छलफल भएको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का प्रेसविज्ञ मनोहरि तिमिल्सिनाले जानकारी दिनुभयो । प्रधानमन्त्री प्रचण्डको इटाली भ्रमणपछि सत्ता गठबन्धनका शीर्षनेताहरूबीच छलफल भएको हो।

बैठकमा प्रधानमन्त्री प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, कांग्रेसका उपसभापति तथा उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का, महामन्त्री विश्वप्रकाश शर्मा र नेता कृष्णप्रसाद सिटौलाको सहभागिता थियो । सर्वोच्च अदालतले कोशी प्रदेशको सरकार गठनको नयाँ प्रक्रिया अगाडि बढाउन आदेश दिएको छ। रासस

# सरकारी अस्पतालमा बिहान ८ बजेदेखिको सेवा प्रभावकारी : मन्त्री बस्नेत




काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले सरकारी अस्पतालमा लागू गरिएको सुधार कार्यक्रमले निजी क्षेत्रका अस्पतालमा रही आएका बिरामीको चाप केही हदसम्म घटेको बताउनुभएको छ।

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको मस्तिष्क मृत्यु अङ्ग प्रत्यारोपणसम्बन्धी प्रस्तुती 'पुनर्जन्म' बृत्तचित्र सार्वजनिक कार्यक्रममा उहाँले बीरलगायतका सरकारी अस्पतालमा बिहान ८ बजेदेखि सुरु भएको बहिरङ्ग सेवा निकै प्रभावकारी सावित भएको उल्लेख गर्नुभयो।

मन्त्री बस्नेतले भन्नुभयो, "सीमित स्रोत साधनका बाबजुद संविधानले आमनागरिकका लागि सुनिश्चित गरेको निःशुल्क उपचार सेवा दिलाउन सरकार प्रतिबद्ध छ, कुनै पनि गरिब एवं विपन्न नागरिकले पैसाको अभावमा अकालमा ज्यान गुमाउन नपरोस् भन्ने पाटोमा हामी सजग छौं।"

सरकारको पछिल्ला कदमले स्वास्थ्यमा अनुशासन र सुधारका कार्यक्रम प्रभावकारी देखिएको बताउँदै उहाँले अनुशासन र क्रियाशील जीवनले मानिसलाई निरोगी हुन मद्दत पुर्‍याउने धारणा राख्नुभयो। स्वास्थ्य मन्त्री बस्नेतले भन्नुभयो, "उपचारका नाममा ठूलो रकम विदेश नजाओस् भन्ने हेतुले विशिष्ट व्यक्तिको उपचारका लागि वीर अस्पतालमा उपचार कक्ष र शैयूया बढाउन निर्देशन भइसकेको छ, मानव अङ्ग प्रत्यारोपण केन्द्रको विकास र विस्तारलाई पनि प्राथमिकता दिइनेछ।"

मन्त्रालयका सचिव देवकुमारी गुरागाईंले भक्तपुर अङ्ग प्रत्यारोपण केन्द्रका लागि सरकारले जग्गा प्राप्ति, पूर्वाधार निर्माण र आवश्यक बजेट व्यवस्थापनका लागि विभिन्न प्रयास तथा प्रयन्न गरिरहेको बताउनुभयो। भक्तपुरबाट प्रतिनिधित्व गर्नुहुने सांसद दुर्लभ थापाले उपचारका लागि छटपटाइ रहेका मिर्गौला रोग पीडितलाई डायलाइसिस र मिर्गौला प्रत्यारोपण गर्न बजेट व्यस्थापन, औषधिलगायतमा आफूले सहयोग गरिरहेको बताउनुभयो।

स्वास्थ्य सेवा विभागका महानिर्देशक दीपेन्द्ररमण श्रेष्ठले मस्तिष्क मृत्यु भएपछि अङ्गदानका लागि प्रेरित गर्न जनचेता अभियानअघि बढाउने र सकारात्मक सन्देश थालनी फैलाउने कार्यमा आफै अग्रसर हुन आवश्यक रहेको बताउनुभयो।


वरिष्ठ हास्यकलाकार मदनकृष्ण श्रेष्ठले अङ्गदानबारे परम्परागत मान्यतालाई रुपान्तरण गर्दै त्यसमा सकारात्मक नतिजा प्राप्त गर्न जनचेतनालाई अभियानकै रुपमा लैजानुपर्ने धारणा राख्नुभयो । अर्का हास्य कलाकार हरिवंश आचार्यले मस्तिष्क मृत्यु भई शरीरका खेर जाने अरु अङ्ग र काम नलाग्ने अङ्ग दान गर्न सके धेरैको अकालमा मृत्यु हुनबाट जोगाउन सकिने भएकाले त्यस विषयमा समाजलाई जागरुक तुल्याउन आवश्यक रहेको बताउनुभयो।

वृत्तचित्रका निर्माण निर्देशक सरना श्रेष्ठले सबैभन्दा ठूलो दान अङ्गदान हुँदा जनचेतना अभिवृद्धि गर्ने र ज्ञान बाड्ने कर्ममा सरिक हुन सबै पहल तथा प्रयत्न आवश्यक रहेको बताउनुभयो । मिर्गौला रोग समस्या भई डायलाइसिस र उपचारमा झेल्नुपरेको कठिनाइ, पीडा र खेप्नु परेको आर्थिक समस्यालगायतका विषय तथा मिर्गौला प्रत्यारोपणको सकारात्मक नतिजा एवं त्यसपछिको सुखद् जीवनसम्बन्धी विषयवस्तु बृत्तचित्रमा समेटिएका छन्। रासस

# बाघ संरक्षण पर्यटन प्रवर्द्धन र आर्थिक विकासका लागि महत्वपूर्ण : राष्ट्रपति

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले बाघको संरक्षण नेपालको पर्यटन प्रवर्द्धन र आर्थिक विकासका लागि महत्वपूर्ण हुने बताउनुभएको छ।

विश्व बाघ दिवस, २०२३ को अवसरमा शनिवार शुभकामना सन्देश जारी गर्नुहुँदै राष्ट्रपति पौडेलले उक्त तथ्यलाई मनन गरी बाघ संरक्षणको दिगो व्यवस्थापनमा खटिन सम्बद्ध निकाय, जनसमुदाय र संरक्षणकर्मीलाई आहवान गर्नुभएको छ।



"बाघको संरक्षणमा नेपालले संसारमा नै नेतृत्वदायी भूमिका निर्वाह गरेको हुँदा बाघ जोगाउन अथक प्रयास गर्ने संरक्षणकर्मी, सुरक्षाकर्मी, जनसहभागितामा जुट्ने स्थानीय बासिन्दा, सञ्चारकर्मी एवं सहयोगी संस्थालाई विशेष धन्यवाद दिन चाहन्छु", उहाँले भन्नुभएको छ।

बाघको चोरी शिकारी तथा बाघका अङ्गको अवैध व्यापार गर्ने ध्येयले गरिने आखेटोपहार ओसारपसार नियन्त्रणका लागि नेपालका सम्बद्ध निकायले निर्वाह गरेको भूमिकाले विश्वव्यापी बाघ संरक्षणको अभियानमा पुगेको पहलकदमी सार्थक भएको उहाँको भनाइ छ।

"राष्ट्रिय निकुञ्ज तथा वन्यजन्यु आरक्ष क्षेत्रको विकासले बाघको बासस्थानलाई सुरक्षित बनाउन टेवा पुगेको छ । बाघ र मानवबीचको द्वन्द्व न्यूनीकरण गर्न र स्थानीय बासिन्दाको वन पैदावारमाथिको निर्भरता कम गर्न जीविकोपार्जनका वैकल्पिक कार्यक्रम सञ्चालनका लागि विशेष पहल गर्नु अत्यावश्यक छ", राष्ट्रपति पौडेलले भन्नुभएको छ।

सन् २०१० मा रुसको सेन्ट पिटर्सवर्गमा सम्पन्न विश्व बाघ सम्मेलनले हरेक वर्ष २९ जुलाईका दिनलाई अन्तर्राष्ट्रिय बाघ दिवस मनाउने घोषणा गरेअनुरुप शनिवार नेपालमा पनि यो दिवस मनाउन लागिएको हो । यसै सन्दर्भमा नेपालले पनि उक्त प्रतिबद्धताअनुरुप बाघको सङ्ख्या करिब तेब्बर वृद्धि गरी सन् २०२२ मा रुसकै भ्लादिभोस्तोक सहरमा भएको दोस्रो बाघ सम्मेलनमार्फत आफ्नो मुलुकको उपलब्धि अन्तर ाष्ट्रिय जगतमा प्रस्तुत गरेकोमा उहाँले खुसी व्यक्त गर्नुभएको छ।

"बाघ संरक्षणका लागि भएका प्रयासका उपलब्धीस्वरुप नेपालमा बाघको सङ्ख्या वृद्धि हुँदै गएकोमा संरक्षणकर्मीको मनोबल र हौसलाले उचाइ लिएको सहजै अनुमान लगाउन सकिन्छ । समुदाय र बस्तीस्तर विशेष गरी मध्यवर्ती क्षेत्रका मानिसमा बाघको महत्व, बाघ र मानवको द्वन्द्व कम गर्ने उपायका विषयमा ज्ञानको बिस्तार गरी संरक्षणलाई निरन्तरता दिनु आवश्यक छ", उहाँले भन्नुभयो। रासस

# नोना कोइरालाले गरिब जनतालाई महत्वपूर्ण सहयोग गर्नुभएको छ : नेता डा कोइराला

बिराटनगर। नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले स्व नोना कोइरालाले गरिब, विपन्न एवं पछाडि परेका नागरिकलाई स्वास्थ्य एवं शिक्षा क्षेत्रमा महत्वपूर्ण सहयोग उपलब्ध गराउनुभएको बताउनुभएको छ।

नोना कोइराला स्मृति प्रतिष्ठानको आज विराटनगर महानगरपालिका-४ स्थित इक्राहीमा आयोजित साधारणसभामा उहाँले स्व कोइरालाले सामाजिक न्याय, सामाजिक सुरक्षा, स्वास्थ्य, शिक्षाबाट कुनै पनि नागरिक वञ्चित नहुन भन्ने इच्छालाई प्रतिष्ठानले पूरा गरेको विचार व्यक्त गर्नुभयो । संरक्षकसमेत रहनुभएका डा कोइरालाले प्रतिष्ठान सेवामुलक संस्था भएकाले मुलुकलाई आवश्यक पर्ने स्वास्थ्य क्षेत्रका दक्ष जनशक्ति उत्पादन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

महानगरपालिका प्रमुख नागेश कोइरालाले प्रजातन्त्र स्थापना र महिलाको हकहित स्थापनामा स्व कोइरालाको ठूलो योगदान रहेको चर्चा गर्नुभयो।

प्रतिष्ठानका अध्यक्ष डा नारायण कुमार, उपाध्यक्ष हसन अन्सारी, गोपालमान सिंह राजभण्डारी, पूर्वप्रदेशसभा सदस्य शान्ता पौडेल, निर्मला कोइराला, नीरञ्जन रिजालले स्व कोइरालाले देखाएको बाटो अनुसरण गरेमा गरिब एवं सीमान्तकृत नागरिक शिक्षा एवं स्वास्थ्य सेवा वञ्चित नहुने विचार राख्नुभयो। रासस

# बिहारको दरभंगामा दुई समुदायबीच तनाव

**बीबीसी**

पटना । बिहारको दरभंगा जिल्लामा पछिल्लो एक हप्तामा दुई समुदायबीच झडपका धेरै घटना भएका छन् । यसले दुई समुदायबीच तनाव सिर्जना गरेको छ । स्थिति नियन्त्रणमा लिन जिल्लामा इन्टरनेट सेवा पनि बन्द गरिएको छ ।

यस वर्ष बिहारको शरीफ र सासाराममा रामनवमीमा हिंसा भड्किएको थियो । त्यसपछि शान्ति कायम गर्न प्रशासनले यस्तो कदम चाल्नु पर्ने यो अर्को अवसर हो ।

सामाजिक सञ्जालमा दरभंगासँग सम्बन्धित धेरै अफवाह र गलत समाचार फैलिएको प्रशासनको आरोप छ। त्यसैले जनताबीच सद्भाव कायम राख्न बिहीबार २७ साउनदेखि साउन ३० गतेसम्म इन्टरनेट सेवा बन्द गर्ने निर्णय गरिएको छ ।

बिहारका एडीजी पुलिस हेडक्वार्टर जेएस गंगवारका अनुसार दरभंगाको स्थिति पूर्ण रूपमा शान्तिपूर्ण छ। यसको समीक्षा भइरहेको छ र आवश्यक भएमा इन्टरनेट सेवामा प्रतिबन्ध बढाउन वा घटाउन सकिन्छ।

विशेष कुरा के छ भने बिहारको दरभंगामा यस किसिमको तनाव सामान्यतया देखिँदैन । यसका बाबजुद पनि उक्त क्षेत्रमा दुई समुदायबीच हिंसात्मक झडपको स्थिति सिर्जना भएको थियो ।

**कहाँ सुरु भयो**

दरभंगामा गत शनिबार अर्थात २२ जुलाईमा मोहरम झण्डा लगाउने विषयमा विवाद सुरु भएको थियो । जसका कारण दुई पक्षबीचको विवाद निकै बढेको छ । समाचारका अनुसार यो तनावपछि हिंसा पनि सुरु भएको थियो । शनिबार मब्बी ओपी क्षेत्रको बजार समिति चोक नजिकैको मन्दिर बाहिर मोहरमको झण्डा लगाउने विषयमा दुई समुदायबीच झडप भएको थियो । त्यहाँ झण्डा राख्न अन्य समुदायले विरोध गरेपछि प्रशासनले झण्डा हटाउन दुवै पक्षलाई बुझाएको थियो ।

दरभंगा जिल्ला मजिस्ट्रेट राजीव रोशन भन्छन्, “यद्यपि यो झण्डा चाडपर्वमा केही समयका लागि फहराइन्छ। तैपनि झण्डा हटाउन दुवै पक्षलाई मनाइए पनि दुवै पक्षका केही युवाले अशान्ति सृजना गर्ने प्रयास गरेका छन् ।” समाचारका अनुसार त्यसपछि दुवै पक्षबाट इँटा र ढुंगा प्रहार भएको थियो । पछि प्रहरीको हस्तक्षेपपछि मामिला शान्त भएको थियो । दरभंगा प्रहरीले यस विषयमा कुनै पनि अफवाहबाट बच्न सल्लाह दिएको छ ।

बिहारमा जनता दल युनाइटेडका प्रवक्ता नीरज कुमार भन्छन्, सामाजिक संरचनाका कारण घटना हुँदा धेरै क्षेत्रमा तनाव उत्पन्न हुन्छ । यो धेरै ठाउँमा देखिएको छ, तर पछिल्लो समय के भइरहेको छ त्यो बिल्कुल नयाँ छ। यसअघि रामनवमीको दिन बिहारमा हिंसा भएको थियो । बिहार शरीफ र सासाराम जस्ता क्षेत्रमा दशकौंपछि यस्तो हिंसा देखियो।

**के हल्ला फैलियो**

प्रशासनको हस्तक्षेपपछि दरभंगाको सहरी क्षेत्रमा मामिला शान्त भए पनि सामाजिक सञ्जाल र इन्टरनेटमा फैलिएको हल्लाका कारण यो तनाव जिल्लाका अन्य क्षेत्रमा पनि पुगेको थियो । घटनाको भोलिपल्ट अर्थात आइतबार कमतौल थानाको धरमपुर मालपट्टी गाउँको शव गृहमा जलाउने विषयमा विवाद भएको थियो । यसमा एक पक्षले शव जलाउने तयारी भइरहेको श्मशान स्थल दाबी गरेको छ । यसैमा दुई समुदायबीच फेरि हडताल सुरु भएको थियो, जसलाई प्रहरीले शान्त गराएको थियो । दरभंगा जिल्ला मजिस्ट्रेटका अनुसार त्यो जग्गा श्मशान स्थलको मात्रै हो, जसको नाप पनि भइसकेको छ । दरभंगा मुहर्रम कमिटीका अध्यक्ष सिबगतुल्लाह खानले पनि यसको पुष्टि गरेका छन् ।

उनका अनुसार ‘यो विवादित जग्गा हो जसको धेरै पटक नापनी भइसकेको छ । यो जग्गा श्मशान गृहको हो र शव जलाउन रोक्नेले गल्ती गरेको छ । जमिन उनीहरुको पनि भएको भए के हुन्थ्यो, जग्गा कतै जाने थिएन । लाश जलेर नष्ट हुन्थ्यो ।

यसै क्रममा सोमबार दुई समुदायबीच पुनः तनावको स्थिति सिर्जना भएको छ । धार्मिक अनुष्ठानका लागि कर्बलाको माटो ल्याउने बाटोमा विवाद सुरु भएको हो ।

दरभंगा डिएमका अनुसार कर्बलाको माटो जुन रुटबाट ल्याइएको थियो त्यसको लाइसेन्स र अनुमति दिइएको थियो। यस मार्गबाट हरेक वर्ष माटो ल्याइन्छ । डीएमका अनुसार, “यसको बावजुद, केही मानिसहरूले भने कि यस पटक उनीहरूले यो मार्गबाट माटो लिन अनुमति दिँदैनन्।“ “अनि विवाद त्यहीँबाट सुरु भयो। यी बाहिरबाट आएका नयाँ व्यक्ति थिए र माटो लिन इन्कार गरिरहेका थिए। ती सबैको पहिचान भइरहेको छ।“

**तपाईं कहाँ गल्ती गर्नुभयो**

दरभंगा प्रहरीले यी तीनवटै घटनामा एफआईआर दर्ता गरेको छ र धेरैलाई पक्राउ पनि गरेको छ । अहिले जिल्लामा प्रहरी र प्रशासनको सक्रियताले स्थिति शान्त छ । तर अफवाहको डर प्रशासनलाई सताइरहेको छ। बिहार विधान सभामा विपक्षी दलका नेता विजयकुमार सिन्हाले प्रशासनले तुष्टीकरणको नीति अवलम्बन गरेकोले यस्तो अवस्था आएको आरोप लगाएका छन् ।

विजयकुमार सिन्हाले आरोप लगाएका छन्, ‘यस पर्वमा हरेक पटक तनाव बढ्छ । सरकारले प्रहरी चौकीभित्र शान्ति समितिको बैठक आयोजना गर्छ, जसमा दुवै पक्षका मानिसहरू सहभागी हुन्छन्। घटना हुँदा प्रहरी प्रशासन होइन, शान्ति समितिका मान्छेमाथि मुद्दा चल्छ । प्रशासन किन आफ्नो जिम्मेवारी पूरा गर्न असमर्थ छ? दरभंगाका बरिष्ठ पत्रकार डा विनयकुमार झा पनि दरभंगामा यसअघि कहिल्यै यस्तो घटना नभएको बताउँछन्, यसपटक दुई-चार ठाउँमा तनाव भएको भए पनि समयमै प्रहरी सचेत भएको भए यस्तो अवस्था नआउने बताए ।

विनय कुमार झा भन्छन्, “यसपछि पनि इन्टरनेट बन्द गर्नु ठूलो कदम हो। आजकल सबै कुरा इन्टरनेट मार्फत गरिन्छ। आयकर रिटर्न भर्ने अन्तिम मिति जुलाई ३१ हो र इन्टरनेट बन्द हुँदा जनता चिन्तित छन् ।” दरभंगाको अशान्तिमा बाहिरी व्यक्तिको हात रहेको स्थानीय प्रशासनले आशंका गरेको छ । विनय झा वास्तवमा नराम्रो मानिस हरेक समुदायमा हुने र त्यस्ता कोलाहल रोक्न स्थानीयको ठूलो भूमिका रहेको विश्वास गर्छन् ।

प्रशासनले चालेको सावधानीलाई कसैले चुनौती दिन नसक्ने उनको भनाइ छ, किनभने ठूलो घटना भयो भने त्यो दरभंगाका लागि लाजमर्दो कुरा हो । यसैबीच प्रशासनले पनि हरेक पटक आफ्नो सतर्कताका कारण समयमै स्थिति नियन्त्रणमा आएको र कुनै ठूलो घटना नभएको दाबी गरेको छ । अहिले प्रहरी र प्रशासनको निगरानीमा दरभंगा सहरमा तनाव नियन्त्रणमा आएको भए पनि इन्टरनेट प्रतिबन्ध फुकुवा भएपछि अफवाह र भ्रामक समाचार फैलाउने सम्भावना अझै समाप्त भएको छैन ।



> बिहारमा जनता दल युनाइटेडका प्रवक्ता नीरज कुमार भन्छन्, सामाजिक संरचनाका कारण घटना हुँदा धेरै क्षेत्रमा तनाव उत्पन्न हुन्छ । यो धेरै ठाउँमा देखिएको छ, तर पछिल्लो समय के भइरहेको छ त्यो बिल्कुल नयाँ छ। यसअघि रामनवमीको दिन बिहारमा हिंसा भएको थियो । बिहार शरीफ र सासाराम जस्ता क्षेत्रमा दशकौंपछि यस्तो हिंसा देखियो।

# त्रिभुवन आर्मीको टोली फुटबल खेल्न भारततर्फ

काठमाण्डु । नेपाली सेनाको त्रिभुवन आर्मी क्लबको टोली फुटबल खेल्न भारत प्रस्थान गरेको छ । त्रिभुवन आर्मी क्लबको ४२ सदस्सीय टोली भारतको असम राज्यको गुवाहाटीमा आयोजित दुरान्द कप फुटबल प्रतियोगितामा भाग लिन त्यसतर्फ गएको हो ।

फुटबलका पूर्वराष्ट्रिय खेलाडी एवं नेपाली सेनाका अवकाश प्राप्त प्रमुख सेनानी वसन्तराज गुरुङ नेतृत्वको टोली भारतीय वायु सेनाको विमानमार्फत शनिवार त्यसतर्फ प्रस्थान गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । भारतीय सेनाले आयोजना गरेको उक्त प्रतियोगिता यही साउन १७ गतेसम्म चल्ने छ । उक्त प्रतियोगितामा सहभागी हुने टोलीलाई नेपाली सेनाका बलाधिकृत रथी सरोजप्रताप राणाले शुक्रबार बिदाइ गर्नुभएको थियो ।

प्रतियोगितामा त्रिभुवन आर्मी क्लबले भारतका दिल्ली एफसी, चेन्नाई एफसी र हैदरवाद एफसीजस्ता ए बरियताका फुटबल टोलीसँग प्रतिस्पर्धा गर्नेछ । त्रिभुवन आर्मी क्लब मुलुकको खेलकुद क्षेत्रको च्याम्पियन टोली हो ।

प्रतिभाशाली खेलाडी पहिचान गरी देशको खेलकुद क्षेत्रको विकासका लागि क्लबले महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ । प्रतियोगितामा भाग लिने टोलीलाई सेनाले उच्च अनुशासन कायम गरी उत्कृष्ट खेल प्रदर्शन गर्न निर्देशन दिएको छ । प्रतियोगितामा प्राप्त अनुभवबाट आगामी दिनमा सञ्चालन हुने राष्ट्रिय तथा अन्तर ाष्ट्रिय प्रतियोगिताको तयारीका लागि मद्दत पुग्नेछ ।

यस्ता प्रतियोगिताले दुई देशबीचको सम्बन्ध प्रगाढ तुल्याउन तथा दुवै सङ्गठनबीच मित्रता र सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउन योगदान पुग्ने सेनाले विश्वास लिएको छ । रासस



# भारतमा बाघको संख्या तीन हजार ६ सय भन्दा बढी

**एएफपी**

नयाँदिल्ली । लोपोन्मुख प्रजातिका बाघको संरक्षण प्रयासको पुष्टि गर्दै शनिबार सार्वजनिक गरिएको नयाँ सरकारी तथ्याङ्कअनुसार भारतमा बाघको संख्या तीन हजार ६०० नाघेको अनुमान गरिएको छ ।

कुनै बेला मध्य, पूर्वी र दक्षिणी एसियामा बाघको अत्यधिक चहलपहल हुने गर्दथ्यो तर पछिल्लो शताब्दीमा बाघले आफ्नो ऐतिहासिक दायराको करिब ९५ प्रतिशत हिस्सा गुमाइसकेको छ । भारतमा हाल विश्वका ७५ प्रतिशत बाघ रहेका छन् र क्यामेरामा आधारित सर्वेक्षणपछि अप्रिलमा बाघको संख्या बढेर तीन हजार १६७ पुगेको भारतले घोषणा गरेको छ ।

वाइल्डलाइफ इन्स्टिच्युट अफ इन्डियाले गरेको सोही सर्वेक्षणको तथ्याङ्कलाई थप विश्लेषण गर्दा देशभर बाघको औसत संख्या तीन हजार ६८२ रहेको अनुमान गरिएको सरकारले जनाएको छ ।

यो आँकडाले वार्षिक ६.१ प्रतिशतको प्रशंसनीय वार्षिक वृद्धिदर लाई प्रतिबिम्बित गरेको छ । “बाघको वासस्थान र करिडोरको संरक्षणका लागि निरन्तर प्रयासहरू भारतको आगामी पुस्ताका लागि बाघ र उनीहरूको पारिस्थितिकीय प्रणालीको भविष्य सुरक्षित गर्न महत्वपूर्ण छन् ।

सन् १९४७ मा बेलायतबाट स्वतन्त्र हुँदा भारतमा बाघको संख्या करिब ४० हजार रहेको अनुमान गरिएको थियो ।

त्यसपछिका दशकहरूमा यो संख्या घटेर सन् २००२ मा तीन हजार ७०० मा झरेको थियो र त्यसको चार वर्षपछि यो संख्या एक हजार ४११ मा झरेको थियो ।

वन फँडानी, चोरी सिकारी र बासस्थानमाथिको मानवीय अतिक्रमणले एसियाभरि बाघको संख्यालाई तहसनहस पारेको छ ।

‘जनसहभागिता’ र देशको ‘संरक्षणको संस्कृति’ को कारण भारतले बाघको संख्या बढाउन सफल भएको छ प्रधानमन्त्री नरेन्द्र मोदीले गत अप्रिलमा बताउनुभएको थियो ।



# बङ्गलादेशमा व्यापक विरोधप्रदर्शन

**एएफपी**

ढाका । बङ्गलादेशको राजधानी ढाकामा विशाल विरोधप्रदर्शन भएको छ । परिस्थितिलाई नियन्त्रणमा लिन र शान्तिसुव्यवस्था कायम गर्न सुरक्षाकर्मीलाई हम्मेहम्मे परेको छ ।

राजधानीका मुख्य सडकमा उत्रेका प्रदर्शनकारीले धानमन्त्रीको राजीनामा माग्दै यातायात सेवा ठप्प पारेका छन्भने प्रहरीमाथि ढुङ्गामुढा गरेका छन् । प्रहरीले आफूहरूमाथि ढुङ्गामुढा भएपछि भीडलाई तितरबितर गर्न रबरको गोली र अश्रुग्यास प्रहार गरेको छ ।

विपक्षी बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) र उसका सहयोगीहरूले गत वर्षदेखि शेख हसिनाको राजीनामा र आगामी जनवरीमा हुने निर्वाचनसम्म कामचलाउ सरकार गठन हुनुपर्ने माग गर्दै शृ‹ लाबद्ध विरोध प्रदर्शन गरेका छन् ।

शहरका प्रमुख नाकाहरूमा सवारी आवागमन अवरुद्ध गर्न बिहान भेला भएका हजारौँलाई हटाउन प्रहरी लागेपछि धेरै स्थानहरूमा दोहोरो झडप भएका छन् । केही प्रहरी अधिकारी घाइते भएका ढाका महानगरीय प्रहरीका प्रवक्ता फारुक अहमदले एएफपीलाई बताएका छन् । उनले स्थितिलाई नियन्त्रणमा लिने अश्रुग्यास र रबरका गोली प्रहार गरिएको बताएका छन् । ढाका शहर वरपरका चार स्थानमा प्रदर्शनकारी र प्रहरीबीच झडप भएको छ ।

# महाराष्ट्रको बुलढानामा सवारी दुर्घनाः छ जनाको मृत्यु, एक्काइस घाइते

**एएनआई**

महाराष्ट्र । शनिबार बिहान महाराष्ट्रको बुलढाना जिल्लाको राष्ट्रिय राजमार्ग आज बिहान भएको सवारी दुर्घटनामा पाँच जनाको मृत्यु भएको छभने अन्य २१ जना घाइते भएका छन् ।

राष्ट्रिय राजमार्गमा आरामदायी वर्गका दुई वटा बस एकआपसमा ठोक्किँदा उक्त हताहति भएको जिल्ला प्रहरी कार्यालयका अधिकृत एचपी तुम्मोडले बताए । अधिकृत तुम्मोडका अनुसार दुर्घटनामा पाँच जनाको घटनास्थलमै र एक यात्रुको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको हो । अन्य घाइते यात्रुको स्थानीय अस्पतालमा उपचार भइरहेको छ ।

बुलढाना जिल्लाको मलकापुर नगरस्थित रहेको रेलवे पुलमा अमरनाथ यात्राबाट हिङ्गोलीतर्फ गइरहेको बस र नागपुरबाट नासिकतर्फ गइरहेको अर्को बस एक आपसमा ठोक्किएका थिए । दुर्घटनाको अनुसन्धान भइरहेको छ ।

# शरद पवारले प्रधानमन्त्री मोदीसँग स्टेज साझा गर्ने

**बीबीसी**

नयाँ दिल्ली । २६ दलको विपक्षी गठबन्धन ‘भारत’ मा रहेका एनसीपी अध्यक्ष शरद पवारले प्रधानमन्त्री नरेन्द्र मोदीसँग गरेको भेटमा प्रश्न उठिरहेको छ । पवारले अगस्ट १ मा प्रधानमन्त्री नरेन्द्र मोदीसँग मञ्च साझा गर्नेछन्।

‘द हिन्दु’ले यसबारे विस्तृत रिपोर्ट प्रकाशित गरेको छ । यस विषयमा विपक्षी दलहरूको गठबन्धन ‘भारत’ चिन्तित रहेको अखबारले लेखेको छ ।

शुक्रबार संसदमा भएको यो गठबन्धनको बैठकमा धेरै नेताहरूले मोदी र पवारको भेटबारे आपसमा छलफल गरेका थिए ।

उनले यो बैठकले विपक्षी गठबन्धनबारे गलत सन्देश जाने बताए । विशेष गरी यस्तो समयमा जब विपक्षीहरूले मणिपुर हिंसामा संसदमा प्रधानमन्त्री नरेन्द्र मोदीको बयानको माग गरेको भन्दै सरकारमाथि हमला गरिरहेका छन्। पीएम मोदी पुणेमा लोकमान्य तिलक मेमोरियल टेम्पल ट्रस्टद्वारा आयोजित लोकमान्य तिलक राष्ट्रिय पुरस्कार समारोहमा सहभागी हुनेछन्। अगस्ट १ मा हुने कार्यक्रममा पवार प्रमुख अतिथि रहनेछन् ।

**केजरीवालले अपिल गर्नेछन्**

विश्वसनीय स्रोतलाई उद्धृत गर्दै ’द हिन्दू’ले लेखेको छ कि मोदी र पवारबीचको सम्भावित भेटको मुद्दा शुक्रबार संसदमा ’भारत’का नेताहरूको बैठकमा एक क्षेत्रीय दलका नेताले उठाएका थिए। यस विषयमा छलफलका क्रममा विपक्षी गठबन्धनका नेताहरुले बैठकप्रति असन्तुष्टि जनाएका छन् । केही नेताहरूले कांग्रेस प्रमुख मल्लिकार्जुन खर्गेले पवारलाई कार्यक्रममा नआउन मनाउनु पर्ने धारणा राखेका थिए।

विपक्षी गठबन्धनका नेताहरुको यो बैठकमा नेकपाकी राज्यसभा सांसद वन्दना चव्हाण उपस्थित थिइन् । तर उनले यसबारे कुनै प्रतिक्रिया दिएनन् । भनिन्छ, यो भेटमा एक वरिष्ठ नेताले भनेका थिए, ‘सुतेकोलाई उठाउन सक्छौं तर सुतेको नाटक गर्नेलाई ब्युँझाउन सक्छौं ?

आम आदमी पार्टीका नेताहरूले दिल्ली सेवा विधेयक सोमबार लोकसभामा र त्यसपछि मंगलबार अर्थात् अगस्ट १ मा राज्यसभामा पेश गर्न सकिने बताएका छन्। प्रतिपक्षले यो विधेयक खारेज गराउनु पर्ने भएकाले यसका सबै सांसद हुनु जरुरी छ ।

उनले भने कि दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले शरद पवारलाई अगस्ट १ मा पुणेमा अवार्ड समारोहमा उपस्थित नभई संसदमा उपस्थित हुन अनुरोध गर्नेछन्। भीड लिन्चिङमा केन्द्र र राज्यको रवैयाप्रति सर्वोच्च अदालत आक्रोशित, नोटिस जारी

सर्वोच्च अदालतले देशमा बारम्बार हुने भीड लिन्चिङ र भीड आक्रमणमा कम्तिमा छवटा राज्यबाट जवाफ माग गरेको छ। यस विषयमा ‘द हिन्दु’ले विस्तृत रिपोर्ट प्रकाशित गरेको छ । अखबारले लेखेको छ कि सर्वोच्च अदालतले केन्द्रीय गृह मन्त्रालय र महाराष्ट्र, ओडिशा, हरियाणा, राजस्थान, बिहार र मध्य प्रदेशका प्रहरी प्रमुखहरूलाई यस विषयमा दायर याचिकामा जवाफ दिन भनेको छ।

यस सम्बन्धमा दायर गरिएको निवेदनमा पाँच वर्षअघि सर्वोच्च अदालतले यस सम्बन्धमा फैसला गरे पनि भीड लिन्चिङका घटना रोकिन नसकेको उल्लेख गरिएको छ । अल्पसंख्यक लगायत कुनै पनि समुदायको सुरक्षाको जिम्मेवारी सरकारी संयन्त्रको रहने निर्णयमा भनिएको छ ।

प्रख्यात वकिल कपिल सिब्बलले न्यायमूर्ति बीआर गवईको बेन्चमा आफ्नो तर्क सुरु गर्नु अघि सर्वोच्च अदालतलाई यस्तो मामिलामा उच्च अदालतमा जान नदिन अनुरोध गरे। उनले भने कि यी सबै राज्यहरूमा भीड लिन्चिंग र भीड हिंसाका घटनाहरू भइरहेका छन्। त्यसैले यसका पीडितहरूलाई राज्यको अदालतमा जान आग्रह गर्नु हुँदैन।

सिब्बलले भने, ‘त्यहाँ गए पनि दुई लाख मात्रै क्षतिपूर्ति बाहेक केही पाउने छैन । भारतीय महिला राष्ट्रिय महासंघको तर्फबाट बहस गर्दै, सिब्बलले द्दण्ज्ञड को तहसीन पूनावाला केसलाई उल्लेख गरे र भने कि कसरी भीड लिन्चिंग र भीड लिन्चिंगको धम्की बढ्दैछ। त्यसैले उनीहरुलाई सुरुमै कुच्नु पर्छ ।

अदालतले झुटो समाचार, झूटा हल्ला र नैतिकताका ठेकेदारबाट प्रेरित हिंसाले देशलाई आँधीबेहरीले जस्तै निल्ने चेतावनी दिएको छ । गत जुलाई १० मा सर्वोच्च अदालतले छुट्टै मुद्दामा लिन्चिङको मामिलामा केन्द्र र राज्य सरकारहरूले अहिलेसम्म के कदम चालेका छन् भनेर छानबिन गर्नुपर्ने बताएको थियो।

सर्वोच्च अदालतले द्दण्ज्ञड मा भीड लिन्चिङमा आफ्नो निर्णयको विवरण पनि दिनु पर्ने भनेको थियो। जासुसीको आरोपमा पक्राउ परेका वैज्ञानिक ब्रह्मोस मिसाइलको गोप्य जानकारी दिन खोजिरहेका थिए

DRDO जासुसी प्रकरणमा नयाँ जानकारी बाहिर आएको छ। इन्डियन एक्सप्रेसको समाचार अनुसार एटीएसको अनुसन्धानले डीआरडीओ जासुसी प्रकरणमा पक्राउ परेका वैज्ञानिक प्रदीप कुरुलकरले पाकिस्तानी गुप्तचर एजेन्सीसँग सम्बद्ध महिलालाई ब्रह्मोस मिसाइलसँग सम्बन्धित गोप्य दस्तावेज देखाउने वाचा गरेको खुलासा गरेको छ ।

कुरुलकरसँगको भेटमा यी महिलाले आफ्नो नाम जारा दासगुप्ता भनिन् । DRDO को R&D स्थापना (इन्जिनियर्स) को प्रमुख रहेका कुरुल्करलाई जासुसी र पाकिस्तानी गुप्तचर अधिकारीहरूसँग कुरा गरेको आरोपमा पक्राउ गरिएको थियो। उनीमाथि जासुसीको आशंका छ। कुरुलकर हनी ट्र्यापमा फसेको बुझिएको छ । एटीएसका अनुसार पाकिस्तानी जासुसले उनलाई व्हाट्सएपमा सम्पर्क गरेपछि उनलाई धेरै अश्लील सन्देश पठाएको थियो।

उनले उनीसँग १० जुन २०२२ देखि २४ फेब्रुअरी २०२३ सम्म भ्वाइस र भिडियो कल मार्फत धेरै पटक कुरा गरे। एटीएसका अनुसार जाराले कुरुलकरबाट डीआरडीओका केही परियोजनाहरूसँग सम्बन्धित गोप्य जानकारी प्राप्त गर्ने प्रयास गरिरहेकी थिइन्। एटीएसले दायर गरेको चार्जशीटका अनुसार १९ अक्टोबर २०२२ देखि २८ अक्टोबर २०२२ सम्म ब्रह्मोस मिसाइलको बारेमा दुवैबीच कुराकानी भएको थियो।

कुरुल्करले ब्रह्मोस मिसाइलका सबै संस्करणको बारेमा १८६ पृष्ठको रिपोर्ट तयार गरेको बताएका थिए । उनले भनेका थिए कि यी धेरै गोप्य कागजात भएकाले यसको प्रतिलिपि ह्वाट्सएप वा मेलमा पठाउन सक्दैनन्। कुरुल्करले जारा भारत आउँदा आफूलाई देखाउन सक्ने बताएका थिए ।

**माइक्रोन देशको पहिलो अर्धचालक प्लान्ट स्थापना गर्न तयार छ**

भारतले विश्वव्यापी मूल्य शृ‹ लामा एक विश्वसनीय र अग्रणी साझेदार बन्न अर्धचालकहरूको डिजाइन गर्न निर्माणमा ठूलो जोड दिइरहेको छ।

’अमर उजाला’ ले लेखेको छ कि यस कारणले गर्दा फक्सकन बाहेक अन्य ठूला विदेशी कम्पनीहरूले पनि भारतको सेमीकन्डक्टर इकोसिस्टममा चासो देखाइरहेका छन्। यस एपिसोडमा अगाडि बढ्दै, एकातिर, अमेरिकी सेमीकन्डक्टर निर्माता माइक्रोन टेक्नोलोजीले गुजरातमा २.७५ बिलियन डलरको लागतमा देशको पहिलो चिप उत्पादन कारखाना स्थापना गर्न लागेको छ।

अर्कोतर्फ, अर्को अमेरिकी बहुराष्ट्रिय सेमीकन्डक्टर निर्माता एडभान्स्ड माइक्रो डिभाइस (ब्ःम्) ले पनि आगामी ५ वर्षमा भारतमा ४०० मिलियन डलर (लगभग रु ३,३०० करोड) लगानी गर्ने घोषणा गरेको छ।

माइक्रोन टेक्नोलोजीका सीईओ सञ्जय मेहरोत्राले शुक्रबार गान्धीनगरमा प्रधानमन्त्री नरेन्द्र मोदीको उपस्थितिमा आयोजित सेमिकन इन्डिया सम्मेलन-२०२३ मा कम्पनी गुजरातमा भारतको पहिलो सेमीकन्डक्टर उत्पादन कारखाना स्थापना गर्न तयार रहेको बताए। यसले आगामी वर्षहरूमा कुल २०,००० रोजगारी सिर्जना गर्नेछ। जसमा ५ हजार प्रत्यक्ष र १५ हजार अप्रत्यक्ष रोजगारी रहेका छन् ।





सर्लाहीको सदरमुकाम मलङ्गवा नगरपालिका-६, खुटौनास्थित प्रयोगविहीन कृषि बजार सेड। तस्विर : रासस

# गत आवमा ३५ वस्तुको गुणस्तर पारित

काठमाण्डु । नेपाल गुणस्तर परिषद्ले गत आर्थिक वर्ष २०७९/८० मा विभिन्न ३५ वटा वस्तुको गुणस्तर पारित गरेको छ । नेपाल गुणस्तर तथा नापतौल विभागको प्राविधिक समितिले ५० वस्तुको गुणस्तर पारितका लागि सिफारिस गरे पनि जम्मा ३५ वटा वस्तुको गुणस्तर पारित भएको विभागका महानिर्देशक दिनानाथ मिश्रले जानकारी दिनुभयो ।

"विभागको प्राविधिक समितिबाट पारित भएको गुणस्तर उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीको अध्यक्षतामा रहेको नेपाल गुणस्तर परिषद्बाट पारित गर्छौं", उहाँले भन्नुभयो । परिषद्ले अघिल्लो आव २०७८/७९ मा १५ तथा आव २०७७/७८ मा ३१ वस्तुको गुणस्तर पारित गरेको थियो ।

विभागका अनुसार आव २०७९/८० मा २९ वटा उद्योगले नेपाल गुणस्तर प्रमाण चिह्न प्राप्त गरेका छन् भने ४० वटा उत्पादित वस्तु तथा पदार्थले इजाजतपत्र लिएका छन् । साथै १३ वटा उद्योगले प्रमाणपत्र लिएको विभागको भनाइ छ ।

विभागका प्रवक्ता ज्योति जोशी भट्टले गत आवमा दुई सय ३३ पटक उद्योगको निरीक्षण र २९ पटक बजार अनुगमन गरिएको जानकारी दिनुभयो । जसमा सात ८९ नमूना सङ्कलन गरेर जाँच गरिएको उहाँको भनाइ छ । विभागले गत आवमा ७१ उद्योगलाई स्पष्टीकरण सोधेको छ ।

विभागले एक वर्षमा दुई हजार चार सय ४५ वस्तुको प्रयोगशालामा रासायनिक, भौतिक, टेक्सटायल, छाला र कागजको परीक्षण सम्पन्न गरेको छ । दुई हजार एक सय ११ क्यालिब्रेसन सेवा प्रदान गरेको छ भने १८ वटा तालिम गोष्ठी प्रदान गरेको जनाएको छ ।

विभागले गत आवमा चार सय ३३ उद्योगको नवीकरण सम्पन्न गरेको छ । यस्तै, नेपाल गुणस्तर चिह्न प्राप्त गर्नका लागि आवेदन दिएका एक सय ३० उद्योगको निरीक्षण तथा नौ वटा इजाजतपत्र/प्रमाणपत्र खारेज गरेको छ ।

धनुषा, सर्लाही, महोत्तरी, रामेछाप र सिन्धुली जिल्लाका ११ पेट्रोल पम्पको निरीक्षण गरेकामा तीनवटालाई कारबाही गरिएको प्रवक्ता भट्टले बताउनुभयो । विभागले कारबाहीवापत गत आवमा रु चार करोड ४२ लाख ९४ हजार २३२ राजस्व सङ्कलन गरेको छ । रासस

# टुथपिकदेखि सियोसम्मको आयातमा बाहिरिन्छ अर्बौं रकम




काठमाण्डु । अर्थतन्त्रको मुख्य क्षेत्रमा उत्पादन पर्छ । कुनै पनि मुलुकको अर्थतन्त्र उत्पादन बिना सुदृढ हुने अवस्था रहँदैन । अझ निरन्तर ठूलो व्यापार घाटा बेहोरिरहेको रहेको हाम्रोजस्तो मुलुकले उत्पादनमूलक अर्थव्यवस्थामा जोड दिनु अतिआवश्यक हुन्छ । तर हेर्दा सामान्य लाग्ने वस्तुसमेत आयात गरेर उपभोग गर्नुपर्ने अवस्थाले मुलुकको उत्पादन क्षमता र स्तर एकदमै कमजोर रहेको पुष्टि भइरहेको छ ।

भन्सार विभागले पछिल्लो समय सार्वजनिक गरेको आयात निर्यातको विवरणअनुसार मुलुकमा सामान्य प्रविधि र कच्चा पदार्थ प्रयोगमा उत्पादन हुने वस्तुसमेत ठूलो मात्रामा आयात भएको देखिन्छ । पछिल्लो समय विभागले सार्वजनिक गरेको तथ्याङ्कानुसार गत आर्थिक वर्षमा रु एक करोडभन्दा बढी मूल्यको दाँत कोट्याउने सिन्को (टुथपिक) आयात भएको देखिन्छ ।

विभागका अनुसार गत आवमा रु एक करोड १३ लाख ३७ हजार मूल्य बराबरको दाँत कोट्याउने सिन्को आयात भएको छ । बाँस र काठबाट बनेको यस्तो सिन्का मुख्यतया चीनबाट भित्रिने गरेको । त्यस्तै करिब रु एक करोड बराबरको कपडा झुण्ड्याउने ह्याङ्गर आयात भएको छ । विभागका अनुसार गत आवमा रु दुई करोड पाँच लाख ४९ हजार मूल्य बराबरको ह्याङ्गर निर्यात पनि भएको छ ।

### दुई करोडको सियो र सेफ्टी पिन आयात

विभागका अनुसार गत आवमा लुगा सिउने सियो र सेफ्टी पिनको आयातमा रु दुई करोडभन्दा बढी रकम बाहिरिएको छ । गत आवमा रु एक करोड ७३ लाख ९१ हजारको सेफ्टी पिन र रु ६३ लाख १० हजार मूल्य बराबरको सियो आयात भएको छ । जसबाट सरकारले रु ६७ लाख ४९ हजार बराबरको राजस्व सङ्कलन गरेको छ ।

### एक अर्बभन्दा बढीको नटबोल्ट र स्क्रु आयात

विभिन्न यन्त्र उपकरण तथा सवारी साधानमा प्रयोग हुने नटबोल्ट र पेचकिलाजन्य वस्तु आयातमा समेत अर्बौं रकम मुलुकबाट बाहिरिरहेको छ । सार्वजनिक विवरणअनुसार गत आवमा रु एक अर्बभन्दा बढी मूल्यको फलाम तथा स्टिलका नटबोल्ट आयात भएका छन् । एक वर्षमा रु एक अर्ब २६ करोड ५४ लाखभन्दा बढी मूल्य बराबरका पेचकिला (स्क्रु) तथा बोल्ट र रु १४ करोड ९४ लाख ३५ हजार मूल्य बराबरको नट आयात भएको छ । विभागका अनुसार गत आवमा रु १५ कारोड ८५ लाख बराबरको फलाम तथा स्टिलको किला आयात भएको छ ।

### गत आवमा तीन सय २२ उद्योग दर्ता

गत आर्थिक वर्ष २०७९/८० मा उद्योग विभागमा तीन सय २२ उद्योग दर्ता भएका छन् । विभागले सार्वजनिक गरेको गत आवको प्रगति विवरणअनुसार स्वदेशी र विदेशीसमेत गरी तीन सय २२ उद्योग दर्ता भएका हुन् ।

गत आवमा विभागमा दर्ता भएका उद्योगले प्रस्ताव गरेको कूल लगानी रू दुई खर्ब १४ अर्ब बराबर रहेको छ । ती उद्योगहरूबाट प्रस्तावित रोजगारीको सङ्ख्या २३ हजार तीन सय २४ रहेको विभागले जनाएको छ । दर्ता भएकामध्ये ठूला उद्योग ६६, मझौला ७० र साना एक सय ८६ रहेका छन् ।

औद्योगिक व्यवसाय ऐन, २०७६ ले रू ५० करोडभन्दा बढी स्थिर पूँजी भएका उद्योगलाई ठूला, रू १५ करोड देखि रू ५० करोडसम्म मझौला र लघु तथा घरेलु उद्योगबाहेक रू १५ करोडसम्मको स्थिर पूँजी भएकालाई साना उद्योगका रूपमा वर्गीकरण गरेको छ ।

उद्योग विभागमा गत वर्ष पाँच प्याटेन्ट र १८ डिजाइन दर्ता भएका छन् । त्यस्तै गत आवमा दर्ता भएका ट्रेडमार्कको सङ्ख्या तीन हजार दुई सय ५४ रहेको छ । पछिल्लो एक वर्षको अवधिमा ट्रेडमार्कसम्बन्धी मुद्दामा एक सय ५० कम्पनीलाई कारबाही गरिएको विभागले जनाएको छ । विभागबाट प्रारम्भिक वातावरणीय परीक्षण (आइई) स्वीकृति लिनेको सङ्ख्या ८२ छ ।

सोही अवधिमा चार सय चार उद्योगले निर्यातमा नगद अनुदान लिनका लागि विभागबाट मूल्य अभिवृद्धि (भ्यालु एडिसन) प्रमाणित गराएका छन् भने भारत निर्यातका लागि उत्पत्तिको प्रमाणपत्र (सर्टिफिकेट अफ ओरिजिन) सिफारिस भएका ९८ छन् । गत आवमा उद्योग विभागबाट स्वीकृत भएका विदेशी लगानीको सङ्ख्या तीन सय २७ छन् । उक्त उद्योगबाट कूल रू ३३ अर्ब १४ करोड बराबरको विदेशी लगानी प्रस्ताव आएको विभागले जनाएको छ । रासस

# मुलुकलाई चामलमा आत्मनिर्भर बनाउने लक्ष्य

काठमाण्डु । संयुक्त राष्ट्रसङ्घका तत्कालीन महासचिव बान कि-मुनले कार्यकालको उत्तरार्धतिर विश्व खाद्य सम्मेलनमा 'भात खाने बानी हटाऊ : अरु चिज खानेतर्फ ध्यान दिउँ' भन्नुभएको थियो । विश्वमा धान चामल उत्पादनमा उल्लेखनीय ह्रास आएपछि उहाँले विश्वका उपभोक्तालाई यस्तो आग्रह गर्नुभएको थियो ।

संयुक्त राष्ट्र सङ्घका अनुसार अहिले विश्वभर सात करोड ८० लाख मानिस भोकमरीमा छन् भने करिब एक तिहाइ खाद्य उत्पादन कम भएको छ । साथै करिब तीन अर्ब मानिसले सन्तुलित भोजनको पहुँचमा पुग्न सकेका छैनन् । विश्वमा पछिल्लो समय देखिएको भूराजनीति तथा अर्थतन्त्रको आपूर्ति शृङ्खलामा आएको अवरोधले खाद्य सुरक्षाको चिन्ता बढाएको छ । यसै सन्दर्भमा हालै छिमेकी मुलुक भारतले पनि आगामी निर्वाचनलाई मध्यनजर गर्दै चामल निर्यातमा प्रतिबन्ध लगाएको छ ।

एकातिर धान उत्पादन हुने उर्बर भूमि घट्दो क्रममा छ भने कृषिमा काम गर्ने जनशक्ति विदेश पलायन भइरहेका छन् । जसले कृषि उत्पादन घटाउँदै परनिर्भरता बढाएको छ । गत आर्थिक वर्षमा मात्रै नेपालले रु ३६ अर्ब ६६ करोड बराबरको चामल आयात गरेको भन्सार विभागको तथ्याङ्क छ ।

विश्वभर खाद्यसङ्कट निम्तन सक्ने सम्भावित जोखिम र नेपालले आफ्नै भूमिमा उत्पादन बढाएर धान चामलमा आत्मनिर्भरताको बाटोमा अघि बढ्न हालको निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायमुखी बनाउन अपरिहार्य भइसकेको छ ।

यही आवश्यकतालाई मध्यनजर गर्दै एयरलायइन्स व्यवसायमा सफल वीरेन्द्रबहादुर बस्नेत कृषिकर्ममा लाग्नुभएको छ । निजी क्षेत्रको अग्रणी वायुसेवा कम्पनी बुद्धएयरका प्रबन्ध निर्देशक बस्नेतले मोरङको डाँगिहाटमा रु ५० करोडभन्दा बढी लगानीमा अत्याधुनिक उपकरणयुक्त 'आरजु राइस मिल' सञ्चालनमा ल्याउनुभएको हो ।

कम्पनीका कार्यकारी अध्यक्षसमेत रहनुभएका बस्नेतले निर्वाहमुखी धानखेतीलाई आत्मनिर्भरतर्फ लैजाने उद्देश्यले किसानलाई प्रेरित गर्दै मिल सञ्चालनमा ल्याउनुभएको हो । नेपाली किसानले उत्पादन गरेको धानको चामल नेपाली उपभोक्तामाझ पुर्‍याउने र किसानलाई धानको न्यूनतम समर्थन मूल्य तोकेर उपभोक्तालाई कम मूल्यमा चामल उपलब्ध गराउने उद्देश्यले उहाँ कृषि क्षेत्रमा होमिनुभएको हो ।



किसानलाई प्रोत्साहित गर्दै उपभोक्तालाई स्वदेशी गुणस्तरीय चामल विभिन्न देशमा समेत पुर्‍याउने उद्देश्यले कृषिमा हामिएको भन्दै उहाँले यसबाट बढ्दो खाद्य सङ्कट समाधानमा सहयोग पुग्नेमा विश्वास व्यक्त गर्नुभयो । उहाँले यसमार्फत आफू मात्रै होइन, २० हजारभन्दा बढी किसानलाई पनि सँगै लैजाने योजना बनाउनुभएको छ ।

"बढ्दो खाद्य सङ्कट कम गर्न नेपाली उपभोक्ताले नेपाली चामल खरिद गरेर खानुपर्छ", राससँगको कुराकानीमा कार्यकारी अध्यक्ष बस्नेतले भन्नुभयो, "यस्ता मिलले गर्दा किसानलाई प्रोत्साहित गर्छ, उनीहरुलाई सही मूल्य दिन्छ । यो मोडल सफल भए देशभर विस्तार गर्ने लक्ष्यसमेत छ ।"

लामो समयदेखि एयरलाइन्स व्यवसायमा संलग्न बस्नेतको परिवार त्यसअघि पनि कृषि पेसामै रहेको उहाँको भनाइ छ । "हाम्रो परिवार ३५/३६ वर्षदेखि कृषि क्षेत्रमै छ । बुद्ध एयर सुरु गर्नुभन्दा अघिको परिवारको मुख्य पेसा नै कृषि थियो", उहाँले भन्नुभयो । व्यावसायिक खेती हुन नसक्नु शनिवारको ठूलो समस्या भएको भन्दै बस्नेतले जलवायु परिवर्तनका कारण पनि धानखेतीका लागि चुनौती थपिएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "धान उत्पादनमा ह्रास आएको छ । धानको सङ्कट चुलिँदै गएको मैले अनुभव गरेको छु र वास्तविकता पनि त्यस्तै छ ।"

पर्यटन पूर्वाधार, होटल, बैंक तथा वित्तीय संस्था, ऊर्जा, शिक्षा र सूचना प्रविधिमा ठूला-ठूला लगानी भएका छन् तर, कृषि प्रधान देश नेपालमा कृषिलाई प्राथमिकता दिन नसकिरहेको अवस्थामा आफू यसको आवश्यकता महसुस गर्दै विभिन्न चुनौतीका बाबजुद कृषिमा होमिएको उहाँको भनाइ छ । "हामी नपाली किसानको मात्रै धान खरिद गर्छौं", उहाँले भन्नुभयो, "निर्वाहमुखी कृषिलाई औद्योगीकरण गर्नु हाम्रो २० वर्षे योजना पनि हो ।"

**"चामल निर्यात प्रतिबन्ध लगाउने भारतको हालैको निर्णयले चामलको भाउ बढे पनि हामीले उत्पादन र आपूर्ति गर्ने चामलको भाउ बढ्दैन, किन भने हामीलाई भारतको निर्णयले असर गर्दैन", उहाँले भन्नुभयो, " किसानसँगै धान किनेर चामल सस्तो मूल्यमा उपभोक्तामाझ लगिरहेका छौं । त्यसैले गर्दा किसान र उपभोक्ता दुवैलाई फाइदा पुगेको छ ।"**

कृषि विभागका अनुसार नेपालमा समुद्री सतहबाट तराईमा ६० मिटरदेखि संसारको सबैभन्दा उच्च स्थानमा जुम्लाको छुमचौरमा तीन हजार ५० मिटर उचाइसम्म धानको खेती गरिन्छ । मुलुकको कूल गार्हस्थ्य उत्पादनमा करिब २४ दशमलव एक प्रतिशत कृषिको योगदान रहेकोमा कृषि क्षेत्रको गार्हस्थ उत्पादनमा धानको १५ प्रतिशत योगदान छ । आव २०७९/८० मा १४ लाख ४७ हजार हेक्टर क्षेत्रफलमा धान खेती भई ५४ लाख ८६ हजार मेट्रिक टन धान उत्पादन भएको छ । यद्यपि अझै पनि मुलुकमा १० देखि १२ लाख मेट्रिक टन धान अपुग हुँदै आएको छ ।

"खाद्य सुरक्षा चुनौतीपूर्ण छ । मित्रराष्ट्र भारतबाट खाद्यान्य आयात नगरेको खण्डमा हामी भोकमरीमा पर्छौं", बस्नेतले भन्नुभयो, "अहिले जसरी भारतले चामल निर्यातमा प्रतिवन्ध लगाएको छ । त्यसले ठूलो हाहाकार मच्चिएको छ, हल्लाखल्ला भएको छ तर, अहिले भारतमा पनि खाद्यान्य सङ्कट ठूलो समस्याको रुपमा आएको छ ।"

बस्नेतको बुझाइमा भारतले कुनै दबाब सिर्जना गर्न चामल निर्यात प्रतिबन्ध गरेको होइन । जलवायु परिवर्तनका कारण विश्व खाद्य कार्यक्रमजस्ता विश्व प्रसिद्ध सङ्गठनले खाद्यान्न सङ्कट आउने प्रक्षेपण गरिरहेका छन् ।

जलवायु परिवर्तनका कारण पर्याप्त पानी नपरेकाले धान उत्पादन कमजोर भएको छ । बेमौसमी वर्षा हुनेजस्ता कारण धान उत्पादन कमजोर बन्दै गएको उहाँको बुझाइ छ । यो समस्या अर्को वर्ष अझ बढ्ने छ । अघिल्लो वर्ष पनि भारतले चामल निर्यातमा प्रतिबन्ध गरेको थियो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्कअनुसार २०८० साउन ६ गतेसम्म मुलुकभर ६८ प्रतिशत रापाइँ सम्पन्न भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ८८ प्रतिशत रोपाइँ भएको थियो । मुलुकलाई खाद्यान्न विशेष गरी चामलमा आत्मनिर्भर बनाउन निर्वाहमुखी किसानलाई व्यवसायमुखी बनाउन जरुरी भएको व्यवसायी बस्नेतले उल्लेख गर्नुभयो । मुलुकमा चामलको सङ्कटलाई समाधान गर्न नेपालनै आत्मनिर्भर हुनुपर्छ भन्ने उद्देश्यले अत्याधुनिक राइस मिल सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

"चामल निर्यात प्रतिबन्ध लगाउने भारतको हालैको निर्णयले चामलको भाउ बढे पनि हामीले उत्पादन र आपूर्ति गर्ने चामलको भाउ बढ्दैन, किन भने हामीलाई भारतको निर्णयले असर गर्दैन", उहाँले भन्नुभयो, "किसानसँगै धान किनेर चामल सस्तो मूल्यमा उपभोक्तामाझ लगिरहेका छौं । त्यसैले गर्दा किसान र उपभोक्ता दुवैलाई फाइदा पुगेको छ ।"

उहाँका अनुसार ठूलो लगानीमा अत्याधुनिक मिल खोलेर किसानबाट धान पनि खरिद गरिए पनि बजार व्यवस्थापनमा निकै चुनौती भने कायमै छ । रासस

# राजस्व असुलीमा कमी

हेटौंडा । बागमती प्रदेशमा गत आर्थिक वर्ष २०७९/८० मा राजश्व असुलीमा कमी आएको छ । गत आवमा प्रदेशमा लक्ष्यभन्दा रु नौ अर्ब ४३ करोड कम राजश्व सङ्कलन भएको छ ।

बागमती प्रदेश लेखा नियन्त्रक कार्यालय, हेटौंडाका कार्यालयका प्रमुख हरिप्रसाद उपाध्यायका अनुसार प्रदेश सरकारले गत आवभन्दा १७ प्रतिशत कम राजस्व सङ्कलन गरेको छ । प्रदेश सरकारले आव २०७९/८० मा रु ५५ अर्ब ३१ करोड राजस्व सङ्कलनको अनुमान गरेकामा रु ४५ अर्ब ८८ करोड सङ्कलन गरेको उहाँले बताउनुभयो । "शीर्षकको हिसाब मिलानको काम बाँकी रहेकाले केही राजस्व बढ्न सक्छ", प्रमुख उपाध्यायले भन्नुभयो । प्रदेश सरकारले विभिन्न आयस्रोत र गत वर्षको नगद मौज्दातसहित रु ७० अर्ब ९३ करोड प्राप्त हुने अनुमान गरेको थियो ।

प्रदेश सरकारले गत आवको सुरुआतसम्ममा नगद मौज्दातसहित रु ७७ अर्ब ८२ करोड सङ्कलन गरेको थियो । त्यसैगरी प्रदेश सरकारले सो आर्थिक वर्षमा सङ्घीय र स्थानीय तहबाट बाँडफाँट हुने राजस्वअन्तर्गत अनुमानभन्दा २६ प्रतिशत कम प्राप्त भएको प्रमुख उपाध्यायको भनाइ छ । सङ्घीय र स्थानीय तहबाट बाँडफाँट हुने मूल्य अभिवृद्धि कर, आय कर, प्राकृतिक स्रोत उत्खनन दस्तुर, मालपोतलगायतका राजस्वमार्फत अनुमानको ७४ प्रतिशत मात्र सङ्कलन भएको छ । सो शीर्षकअन्तर्गत रु २८ अर्ब ४५ करोड राजस्व सङ्कलनको अनुमान गरिएकामा आर्थिक वर्षको अन्त्यसम्ममा रु २१ अर्ब चार करोड मात्र सङ्कलन भएको उहाँले बताउनुभयो ।

यस्तै सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणअन्तर्गत रु २१ अर्ब चार करोड प्राप्त हुने अनुमान गरिएको थियो । तर, आर्थिक मन्दीका कारण सङ्घीय सरकारले बजेट कार्यक्रम कटौती गर्दा केही कार्यक्रम फिर्ता भएको प्रमुख उपाध्यायले बताउनुभयो । उक्त कार्यक्रम फिर्ता हुँदा प्रदेश सरकारले वित्तीय हस्तान्तरणअन्तर्गत रु १७ अर्ब ९९ करोड प्राप्त हुने अनुमान गरिएकामा सतप्रतिशत रकम प्राप्त नभएको उहाँको भनाइ छ ।

आन्तरिक स्रोतअन्तर्गत वन, सञ्चार तथा विभिन्न साना तथा घरेलु उद्योग दर्ता, नवीकरण र सेवा सुविधाअन्तर्गत आर्थिक वर्ष २०७९/८० मा चार अर्ब ७४ करोड रुपैयाँ आय सङ्कलन हुने अनुमान गरेको थियो । प्रदेश सरकारले आन्तरिक स्रोतमार्फत बागमती सभ्यता तथा नारायणी राप्ती सभ्यतासहित अनुमान गरिएको उक्त रकममध्ये सो आवमा रु पाँच अर्ब ९९ करोड आय सङ्कलन गरेको छ । प्रदेश सरकारले सो आर्थिक वर्षमा अनुदान फिर्ता, बेरुजुलगायतका शीर्षकमार्फत एक अर्ब पाँच करोड रुपैयाँ आय सङ्कलनको अनुमान गरेकामा आर्थिक वर्षको अन्त्य असार मसान्तसम्ममा रु एक अर्ब ४४ करोड आय सङ्कलन गरेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

### घरजग्गा रजिस्ट्रेशनमा ४० प्रतिशत घट्यो राजस्व

आर्थिक मन्दीको असरका कारण प्रदेश सरकारले सङ्कलन गर्ने विभिन्न शीर्षकका राजस्व तथा दस्तुरमा गिरावट आएको छ । प्रदेश सरकारको राजस्वको मुख्य स्रोत नै घरजग्गा रजिस्ट्रेशन (मालपोत) र सवारीसाधन कर रहेको छ । दुवै शीर्षकमा गत आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्ममा घरजग्गा रजिस्ट्रेशन शीर्षकअन्तर्गत अनुमानभन्दा ४० प्रतिशत कम राजस्व सङ्कलन गरेको प्रदेश लेखा नियन्त्रकको कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

घरजग्गा रजिस्ट्रेशन शीर्षकअन्तर्गत प्रदेश सरकारले रु सात अर्ब ८५ करोड राजस्व सङ्कलनको अनुमान गरेकामा रु पाँच अर्ब ४७ करोड मात्र प्राप्त भएको छ । प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथ नवीकरणअन्तर्गत गत आवमा अनुमानभन्दा २५ प्रतिशत कम राजस्व सङ्कलन गरेको छ । उक्त शीर्षकमा रु सात अर्ब २५ करोड राजस्व सङ्कलनको अनुमान गरेकामा रु छ अर्ब १४ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको कार्यालयले जनाएको छ ।

त्यस्तै प्रदेश सरकारले बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत रु आठ अर्ब २८ करोड प्राप्त हुने अनुमान गरेकामा ७५ प्रतिशत (रु छ अर्ब २५ करोड) आय सङ्कलन भएको छ । अन्तःशुल्क करबापत कूल अनुमानको ७० प्रतिशत आय सङ्कलन भएको कार्यालयले जनाएको छ । उक्त शीर्षकमा रु तीन अर्ब ५५ करोड राजस्व प्राप्त हुने अनुमान गरिएकामा रु दुई अर्ब १४ करोड मात्र प्राप्त भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

त्यसैगरी, सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत कूल रु आठ अर्ब ४० करोड प्राप्त हुने अनुमान गरिएकामा रु सात अर्ब ३५ करोड प्राप्त भएको छ । स्थानीय तहबाट सङ्कलित प्राकृतिक स्रोत उत्खननबापतको करबापत रु एक अर्ब प्राप्त हुने अनुमान गरिएकोमा रु ६६ करोड करोड प्राप्त भएको छ ।

गत आवमा प्रदेश सरकारको कूल अनुमानित बजेटभन्दा राजस्व सङ्कलन र नगद मौज्दातसहितको आय भने बढी देखिन्छ । सो आर्थिक वर्षमा प्रदेश सरकारले कूल बजेटभन्दा अनुमानित आय करिब सात अर्ब बढी सङ्कलन गरेको कार्यालयको तथ्याङ्क छ । चालु आर्थिक वर्षमा नगद मौज्दातमा रु ३१ अर्ब ९४ करोड प्राप्त भएको तथ्याङ्कमा उल्लेख छ । विभिन्न योजना तथा कार्यक्रम कार्यान्वयन हुन नकसकेका कारण रकम फिर्ता भई प्रदेश सञ्चिती कोषमा सो रकम जम्मा भएकाले कूल आम्दानी अनुमानभन्दा रु छ अर्ब ८९ करोड बढी देखिएको हो । रासस

# पूर्वीनाकाबाट भन्सार छलेको सामान बरामद

झापा । गस्तीमा खटिएको नेपाल प्रहरीको टोलीले पूर्वीनाका काँकडभिट्टाबाट भन्सार छलेको रू एक करोड २० लाखभन्दा बढी मूल्यको सामान बरामद गरेको छ ।

शुक्रबार साँझ ७:३० बजेतिर मेची भन्सार कार्यालयभन्दा लगभग पाँच सय मिटर पश्चिमतर्फ शङ्कास्पद अवस्थामा पार्किङ गरी राखेको ना२ख ४९०२ नंको मालवाहक कन्टेनरमा उक्त सामान बरामद गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक दुर्गा रेग्मीले जानकारी दिनुभयो ।

सामानसहितको कन्टेनरलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालयमा राखिएको उहाँले बताउनुभयो । उहाँका अनुसार शनिवार बिहान कन्टेनर खोलेर सामानको विवरण सङ्कलन गरिएको हो । जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय काँकडभिट्टाको संयुक्त गस्ती टोलीले उक्त सामान बरामद गरेको प्रहरी उपरीक्षक रेग्मीले जानकारी दिनुभयो ।

कन्टेनरभित्र बौद्धमार्गीले प्रयोग गर्ने काँसको झ्याम्टा, साबुन, हुक्कालगायत सामान रहेको उहाँले बताउनुभयो । उहाँका अनुसार प्रहरीको गस्ती टोली पुग्नुअघि नै कन्टेनरका चालक फरार भएका थिए । "बरामद सामानको आयातसम्बन्धी कुनै बिलबीजक र राजस्व तिरेको कागजात भेटिएको छैन", रेग्मीले भन्नुभयो, "उक्त कन्टेनर भन्सारबाट कर नतिरी भित्र्याएको हो कि होइन भन्ने बारे अनुसन्धान गरिरहेका छौं ।"

थप अनुसन्धान गरी कानुनी कारबाही लागि इटहरीस्थित राजस्व अनुसन्धान कार्यालयमा बुझाइने प्रहरी उपरीक्षक रेग्मीले जानकारी दिनुभयो । रासस

# ‘पार्टीमाथि षड्यन्त्र भइरहेको छ’

**टुडे समाचारदाता**

राजविराज । जनमत पार्टीका अध्यक्ष डा.चन्द्रकान्त राउत (सिके राउत) ले आफ्नो पार्टीमाथि षड् यन्त्र भइरहेका कारण जनता सामु गरेको प्रतिबद्धता पूरा गर्न ढिलाइ भइरहेको बताएका छन् ।

सप्तरीको राजविराजमा शबिार आयोजित पार्टी प्रवेश, संगठन सुदृढीकरण अभियान तथा प्रशिक्षण कार्यक्रममा उनले पार्टी आठौं स्थानको हैसियतमा रहेको र निर्णायक स्थानमा पुग्न न सकेका कारण रोजगारी,किसानका समस्या समाधानलगायतका प्रतिबद्धता समयमा पूरा हुन नसकेको बताए ।

पार्टी अहिले शिशु अवस्थामै रहेको र भगवान श्रीकृष्णलाई कंशले मार्ने षड्यन्त्र गरे झैं यस पार्टीका विरुद्ध पनि अनेकौं षड् यन्त्र भइरहेकाले यसको संरक्षण गर्ने जिम्मा जनता कै रहेको राउतले बताए ।

सरकारले ल्याएको बजेट जनतामुखी नरहेका कारण गठबन्धनमा रहेर पनि आफूहरुले त्यसको विरोध गरेको तर अन्य पार्टीले समर्थन गरिदिदा बजेट पास भएको उनले स्पष्ट पारे ।



मुलुकमा व्याप्त सिन्डीकेट प्रथाका कारण ठूला उद्योगधन्दा स्थापित हुन नसकेको जिकिर गर्दै उनले किसानको समस्या हल गर्नका लागि रासायनिक मलको कारखाना स्थापित हुन न सक्नुमा यही सिन्डीकेट बाधक रहेको अध्यक्ष राउतले जनाए ।

आफूले रासायनिक मलको कारखाना नेपालमा स्थापनाका लागि भारत र जर्मनी सरकारसंग पहल गरेको दाबीका साथ उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा रासायनिक मल कारखाना स्थापनाका बारेमा सकारात्मक सन्देश दिएको बताए । रासायनिक मल काराखाना स्थापनाका लागि जर्मन सरकार सित सम्झौतासमेत भएको उनले जानकारी दिए ।

महिलाहरुको रोजगारीका लागि ८० वटा बहुउद्देश्यीय औद्योगिक भवन तथा युवा रोजगारीका लागि मुलुकको विभिन्न ठाउँमा कल सेन्टर स्थापना गर्न आफूले पहल थालेको उनले जानकारी दिए ।

कार्यक्रमको बीच/बीचमा जनमत सांस्कृतिक संघका कलाकारहरुद्वारा सांस्कृतिक कार्यक्रमको प्रस्तुतिसमेत गरिएको थियो । सो अवसरमा विभिन्न पार्टी परित्याग गरी कार्यक्रममा उपस्थित भएका ८ सय बढी नवप्रवेशीलाई अध्यक्ष डा.राउतले मञ्च मै सदस्यता प्रदान तथा फूलमालाले स्वागत गरेका थिए ।

जनमतका जिल्ला इन्चार्ज रामगमन साहको अध्यक्षतामा आयोजित कार्यक्रममा मधेश प्रदेशका शिक्षा विज्ञान तथा प्रविधि मन्त्री महेश प्रसाद यादव, प्रदेश सभासदस्य सतिश कुमार सिंह, केन्द्रीय प्रवक्ता शरद सिंह यादव, महिला नेतृ प्रियंका सन्तलगायतले आ-आफ्नो मन्तव्य राखेका थिए ।

# खेलमार्फत पर्यटन प्रवर्द्धनले रोजगार सिर्जना हुन्छ : मन्त्री लिम्बु

**टुडे समाचारदाता**

वीरगञ्ज । युवा तथा खेलकुद मन्त्री डिग बहादुर लिम्बुले खेलमार्फत पर्यटनको प्रवर्द्धन गर्न सकेमा स्वदेशमै रोजगार सृजना गर्न सकिने बताएका छन् ।

शनिबार वीरगञ्ज उद्योग वाणिज्य संघले आयोजना गरेको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री लिम्बुले वीरगञ्जसहित समग्र मधेशको समृद्धिका लागि खेल क्षेत्रको प्रवर्द्धन गरेर पर्यटन व्यवसायलाई बढावा दिनुपर्नेमा जोड दिए ।



युवा तथा खेलकुद मन्त्रालय अर्न्तगतको राष्ट्रिय खेलकुद परिषद्ले आयोजना गर्ने ११ औं राष्ट्रिय खेलकुद प्रतियोगिता वीरगञ्जसहित मधेश प्रदेशमा गर्ने तयारी भइरहेको मन्त्रीले लिम्बुले बताए ।

खेलकुद प्रतियोगिता सञ्चालन गर्दा यहाँ देशैभरबाट र देशबाहिरबाट पनि खेलाडी, प्रशिक्षक एवम् खेलप्रेमीहरुको बाक्लो उपस्थिति हुने भएकाले यसबाट आर्थिक गतिविधि पनि बढ्ने र सुस्ताएको व्यापार व्यवसाय पनि चलायमान हुने मन्त्री लिम्बुको विश्वास छ ।

गण्डकी, कर्णालाी, बागमतीलगायतका प्रदेशमा हुने खेलहरु अब मधेश प्रदेशमा पनि आयोजना गर्नुपर्नेमा जोड दिँदै उनले यसका लागि सबै सरोकारवालाले हातेमालो गर्नुपर्ने आवश्यकता औंल्याए ।

नारायणी रंगशालाको पुर्ननिर्माणका लागि आफू गम्भीर भएको बताउँदै उनले अर्थमन्त्री र प्रधानमन्त्रीलाई पनि ध्यानाकर्षण गराइ आवश्यक पहल गर्ने प्रतिवद्धता जनाए।

उनले इनडोर खेल खेल्नका लागि नयाँ कबर्ड हल बनाउने कार्यमा पनि निजी क्षेत्रसँगै स्थानीय र प्रदेश सरकारले सहयोग तथा समन्वय गर्नुपर्ने बताए ।

नारायणी रंगशाला र गौतम मावि छेउको जमिनमा कबर्ड हल बनाइदिने प्रस्ताव गौतम स्कुलले गरेको जानकारी गराउँदै उनले यसका लागि सरोकारवालाले छलफल गरेर आवश्यक निष्कर्षमा पुग्न सकिने धारणा राखे । खेल क्षेत्रसँगै शिक्षा स्वास्थ्यलगायतका सामाजिक कार्यमा निजी क्षेत्रका सहयोगको महत्वपूर्ण रहेको चर्चा गर्दै मन्त्री लिम्बुले यसलाई निरन्तरता दिन आग्रह गरे ।

कार्यक्रममा मधेश प्रदेशका प्रदेश सभा सदस्य श्याम पटेल, अमरसिंह पुन, अरविन्द गुप्ता, नेपाली कांग्रेस वीरगञ्ज महानगर समितिका सभापति मणिन्द्रलाल नेपालीलगायतको उपस्थिति रहेको थियो ।

# धनुष मन्दिरमा दूध चढाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । लामो समयदेखि वर्षा नभएपछि पानी माग्दै धनुषाको धनुषाधामस्थित धनुष मन्दिरमा दूध चढाइएको छ ।

शनिबार दूध अर्पण कार्यक्रमको आयोजना गरी साधुसन्त र पूजारीले धनुष मन्दिरमा दूध अर्पण गरेका छन् । मन्दिरमा दूध चढाउन स्थानीयले दूध संकलन गरेका थिए । ती सबै दूध मन्दिरमा चढाइएको छ ।

आकाशे वर्षा नभएकाले खडेरी पर्ने चिन्ताले सर्वसाधारणलाई सताएको छ ।



किसान धान रोप्न पाएका छैनन् । मधेशको उत्तरी क्षेत्रको खानेपानीको हाहाकार भएको छ । हाते कल (चापाकल), पोखरी र इनारहरुसमेत सुक्न थालेको छ ।

त्रेतायुगमा भगवान रामले माता सीतासँग विवाह गर्नका लागि धनुष तोडेका थिए । तोडिएको धनुषको एउटा टुक्रा आकाश, एउटा पाताल (धर्ती) र एउटा टुक्रा धनुषाधाममा खसेको धार्मिक विश्वास छ । अहिले पनि धनुषाधाममा धनुषाको टुक्रा देख्न सकिन्छ ।

भगवान रामले तोडेकै धनुषको टुक्राको अवशेष अहिले पनि रहेकाले त्यस ठाउँको नामकरण धनुषाधाम गरिएको छ र त्यहाँ धनुष मन्दिर पनि निर्माण गरिएको छ । उक्त मन्दिरमा दूध अर्पण गरेपछि वर्षा हुने र खडेरी नपर्ने मान्यता छ ।सोही मान्यताको आधारमा धनुष मन्दिरमा दूध चढाइएको स्थानीयले बताएका छन् ।

# महावीरको अध्यक्षमा गुप्ता

**टुडे समाचारदाता**



जनकपुरधाम । जनकपुरधामको महावीर युवा कमिटीको अध्यक्षमा अजयकुमार गुप्ता निर्वाचित भएका छन् ।

उनी २५९ मत प्राप्त गरी निर्वाचित भएका छन् भने उनका प्रतिद्वन्दी दीपनारायण साहले मात्र ९५ मत ल्याएका थिए ।

त्यस्तै,महासचिवमा चन्दन नागबंशी १३९ मत ल्याइ विजयी भएका छन् भने उनका निकटतम प्रतिद्वन्दी भरतकुमार साह १२७, सन्तोषकुमार साह ५९ र दीपक यादवले २८ मत प्राप्त गरेका थिए ।

त्यस्तै, सह सचिवमा आशुतोषकुमार साह (छोटु) २२४ मत ल्याइ बिजयी भएका छन् भने उनका निकटतम प्रतिद्वन्दी आनन्द प्रसाद साह १३२ मत प्राप्त गरेका छन् ।

यसैगरी, कोषाध्यक्षमा चन्दन राज शर्मा १८८ मत ल्याई विजयी भएका छन् भने विक्रमकुमार साह १३३ र बजरंग साह (लहेरी) ३६ मत ल्याएका निर्वाचन अधिकृत राकेश विक्रम साहले जानकारी दिए ।

यस अघि उपाध्यक्षमा सरोजकुमार चौधरी निर्विरोध निर्वाचित भएका थिए भने कार्यकारिणी सदस्यहरुमा देवेन्द्रकुमार साह, शशिकुमार साह, अजयकुमार साह, दीपककुमार साह, सन्तोषकुमार शर्मा र अभिषेक राय निर्विरोध निर्वाचित भएका थिए ।

# ‘नागरिकलाई छिटो र छरितो सेवा प्रदान गर्छु’

**सिकेन्द्र पासवान**

बारा । मदेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र सिंहले नागरिकलाई सहज सुलभ रुपमा छिटो र छरितो स्वास्थ्य सेवा प्रदान गर्नु मुख्य प्राथमिकता रहेको बताएका छन् ।

प्रादेशिक अस्पताल कलैयामा ब्लड बैकको कार्यालयलाई शिलान्यास गर्दै मन्त्री सिंहले नागरिकलाई सबै भन्दा पहिला स्वस्थ बनाउने जिम्मेबारी रहेको हुँदा दतचितसंगै कर्तव्यनिष्ट भइ सरकारी अस्पतालको सेवा अझै प्रभावकारी रुपमा प्रदान गरी नागरिकमा विश्वास दिलाउने काम गर्ने निर्देशन दिए ।



मन्त्रालयले भौतिक पुर्वाधार तयार गरिदिन,इकुमेन्ट प्रदान गर्ने, जनशक्ति प्रदान गर्ने, सामग्री प्रदान गर्नेसम्मको काम गर्नमा कुनै कमी हुन नदिने भए पनि स्वास्थ्यकर्मीहरुको इच्छा शक्ति कमजोर भयो भने गुणस्तरीय सेवा नागरिकले पाउन सक्दैन । त्यसकारणले स्वास्थ्यकर्मीहरु सहज, सचेत भइ र दृढ आत्मशक्ति लिइ सरकारी अस्पतालका बारेमा नागरिकमा रहेको नकारात्मक दृष्टिकोणमा परिवर्तन गरी गुणस्तरीय सेवा प्रदान गर्ने काममा अगाडि बढन मन्त्री सिंहले सुझावसमेत दिए ।

प्रदेशिक अस्पताल कलैया विकास समितिका अध्यक्ष प्रकाश चौलागाईको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा प्रदेशसभा सदस्य मो.शमिर अंसारी, अस्पतालका प्रमुख डा. विकास साहलगायतकाले आ-आफ्नो धारणा व्यक्त गरेका थिए ।

# शान्तिपूर्ण रुपमा सद्भाव छर्दै हुसैनको त्याग र बलिदानको सम्झना

**टुडे समाचारदाता**

जनकपुरधाम । शान्तिपूर्ण रुपमा इस्लामिक पर्व मुहर्रम मनाइएको छ ।

यो हिजरी माह मुहर्रमको पहिलो दश दिनसम्म मनाइन्छ । इस्लामी समुदायको यो विशेष पर्वलाई हिन्दूहरूले पनि मनाउने भएकाले पछिल्लो समयमा मुहर्रम आपसी भाइचारा र धार्मिक सद्भावको पर्व बन्दै गएको छ ।

मुहर्रमको बढी महत्वपूर्ण दिन ‘आशूरा’ हो, जो मुहर्रमको दशौं दिन पर्दछ । विभिन्न मुस्लिम समुदायका लागि यसको धार्मिक महत्व अलग-अलग हुनसक्छ । अधिकांश मुस्लिम समुदाय आशूरालाई अत्यन्त महत्वका साथ मान्ने भएकाले यसलाई विशेषरूपमा मनाउने गरेका छन् ।

भाकल गरी घरमा स्थापना गरिएको ताजियालाई पूजाअर्चना गर्नाले पारिवारिक सुख, समृद्धि तथा मनोकामना पूरा हुने जनविश्वास छ ।

“हिन्दूहरूसमेतले मनाउने भएकाले पछिल्लो समयमा मुहर्रमको रौनकता बढ्दै गएको छ । यो पर्व मान्नेहरूले ताजिया बनाइ ढोल, मजिरा, तासा बजाउँदै झर्रा आदि गीत गाउने चलन छ ।

तर, केही दिन यता मुस्लिम समुदाय र हिन्दू समुदायबीच बढ्दै गएको तिक्ताका कारण जनकपुरधामसहित मधेश प्रदेशका विभिन्न जिल्लाहरुमा तनाव हुन सक्ने आशंका गरिएको थियो ।

तर, प्रशासनको बाक्लो उपस्थिति र दुवै समुदायबीचको धैर्यताले कुनै अप्रिय घटना भने हुन सकेन् ।

आशूराका दिन ताजिया यात्रा गर्दै मुहर्रमका शहीदहरूको यादमा मातम मनाइएको छ र उहाँहरूलाई श्रद्धाञ्जलि दिइन्छ । यसको अतिरिक्त, सामाजिक तथा धार्मिक कार्यक्रम आयोजना गरिएको थियो । हिन्दूहरूले पनि यो पर्वलाई निराहार व्रत बसी शोक समारोहका साथ, ताजिया यात्रा गर्दै मनाउने गरेका छन् ।

इस्लामिक क्यालेन्डर अनुसार मुहर्रम इस्लाम धर्मको पहिलो महिना हो । यसलाई ‘हुरमतको महिना’का साथै ‘गम र मातम’को महिना पनि भनिन्छ । प्रत्येक वर्षको यो महिना पैगम्बर महोमदको नाति इमाम हुसेन ‘सहिद’को सम्झनामा हिन्दू र मुस्लिम समुदाय एकसाथ मनाउने गरेका छन् ।

सन् २०२३ मा मुहर्रम २० जुलाईबाट सुरू भएको छ, त्यसैले यो वर्ष २९ जुलाइमा मुहर्रम मनाइँदैछ । इस्लाम धर्मका अनुसार यो महिनाले न्याय र अधिकारका लागि विशेष महत्व र इतिहास बोकेको छ । यही महिनामा हजरत इमाम हुसैनले कर्बलाको लडाइँमा सहादत प्राप्त गरेका थिए ।

मुहर्रम महिनाको पहिलो दश दिन इमाम हुसेनको शोकका रूपमा मनाइन्छ । यसलाई आशूरा पनि भनिन्छ । हजरत इमाम हुसैन अफ्ना ७२ साथीसहित मोहर्रम महिनाको दशौं दिन कर्बलाको मैदानमा शहीद भएकाले उनको सहादत र बलिदानीका लागि यो दिनलाई विशेषरूपमा सम्झिने गरिएको छ ।



“हजरत इमाम हुसैन न्याय, धर्म र अधिकारका लागि तत्कालीन इराकका बादशाह याजिदविरुद्धको लडाइँमा उनको सेनाबाट परिवारका सदस्य र अन्य साथीसहित कर्बलाको मैदानमा सहिद भएका थिए । उनी समानता, न्याय र दयालुताको लागि लड्ने गर्थे ।

तत्कालीन सल्तनतमा त्यहाँका नागरिकले अत्यधिक अन्याय भोग्नुपरेको थियो । अब्दुल्ला अलिगलका अनुसार विशेषगरी त्यस्तै परम्परागत अधिकारको तत्कालीन राजनीतिक तथा धार्मिक वातावरणले त्यहाँका नागरिकलाई भयमुक्त हुन र आत्मनिर्भरता प्रदान गर्न असमर्थ बनाएको थियो ।

**को थिए हजरत इमाम हुसैन ?**

हजरत इमाम हुसैन पैगम्बर ए इस्लाम हजरत मुहम्मद साहबका नाति थिए । इमाम हुसैनका वालिद अर्थात् पिताको नाम हजरत ‘शेरेखुदा’ अली थियो, उनी पैगम्बर साहबको ज्वाइँ थिए । त्यसैगरी इमाम हुसैनको आमाको नाम बिबी फातिमा थियो ।

हजरत अली धार्मिक तथा सामाजिक मुखिया थिए । उनलाई चौथो खलिफा बनाइएको थियो । हजरत अलीको सहादतपछि मानिसहरू इमाम हसन (हुसैनका दाजु)लाई खलिफा बनाउने पक्षमा थिए, तर विद्रोह गरेर हजरत अमीर मुआविया खलिफा थिए ।

“सन् ६० हिजरीमा तत्कालीन शासक याजिद इस्लाम धर्मको सम्राट बन्न चाहे । उनी सम्पूर्ण अरब आफ्नो नियन्त्रणमा लिन चाहन्थे । त्यसैले इन्सानियत बचाउन याजिदको विरोधका इमाम हुसैनले कर्बलाको लडाइँमा शहीद भए।

**कसरी मनमाइन्छ, मोहर्रम ?**

मोहर्रमको दशौं दिन अर्थात् आशूराका दिन ताजियादारी गरिन्छ। इमाम हुसैनको इराकमा दरगाह छ, जसको हुबहु नक्कल गरी ताजिया बनाइन्छ । शिया उलेमाका अनुसार मोहर्रमको चाँद निस्किने पहिलो तारिखमा ताजिया राखिन्छ । यो दिन इमाम हुसैनको सहादतको सम्झनामा ताजियासहित जुलुस निकालिन्छ । जब कि ताजिया निकाल्ने परम्परामात्र शिया समुदायमा छ, उत्तरी भारत र नेपालको अधिकांश ठाउँमा हिन्दूहरूले पनि ताजियासहित जुलुस निकाल्ने गरेका छन् ।

यो वर्ष नेपाल र भारतमा मुहर्रमको सुरुआत २० जुलाइबाट भएको छ । त्यसैले भारतमा आशूरा २९ अगस्तमा मनाइँदैछ । पाकिस्तान र बङ्गलादेशमा पनि आशूरा २९ अगस्त २०२३ मै मनाइँदैछ । जबकि सउदी अरब, ओमान, कतार, इराक, बहराइन, संयुक्त अरब अमिरातसमेत अन्य अरब देशमा मुहर्रम १९ जुलाईबाट प्रारम्भ भएकाले मातमको दिन २८ जुलाइमै मनाइएको छ ।

# वर्षाले किसान हर्षित

**ओम प्रकाश यादव**

गरुडा । लामो समयदेखि खडेरी परेर चिन्तित भएका रौतहटका किसान शनिबार पर्याप्त मात्रामा वर्षा भएपछि हर्षित भएका छन् ।

लामो समयको खडेरीपछि एक्कासी शनिबार विहान ७ बजेदेखि दिउँसो ३ बजेसम्म लगातार परेको पानीका कारण जिल्लाको कृषकहरू निकै खुशी भएका छन् ।

पानी नपर्दा जिल्लामा अझै धेरै किसानले धानबाली लगाउन सकेका छैनन् भने पानीको अभावमा खेतमा लगाइसकेका धानबाली समेत सुक्न थालेका थिए ।

धान रोप्न नपाएका किसान धान रोप्न र धानबाली लगाइसकेका किसान पानीको अभावमा धान सुक्ने चिन्तामा परेका थिए । तर शनिबार पानी परेका कारण किसानहरु हर्षित भएका छन् ।

शनिबार पर्याप्त मात्रामा पानी परेपछि आफूहरुको धानबाली सुक्नबाट जोगिएको माधवनारायण नगरपालिका वडा नं ६ का किसान राम कल्याण रायले बताए । यता अझै धानबाली लगाउन नसकेका किसानहरुलाई समेत वर्षाले बालीनाली लगाउन सहज भएको किसान रायले बताए ।

शनिबारको पानीले हालसम्म बाझै रहेको खेतमा धान रोप्न सघाएको छ । लामो समयदेखि पानी नपर्दा असार मसान्तमै रोप्नुपर्ने धानबाली हालसम्म रोप्न सकिएको थिएन तर पानी परेपछि भने अब किसानलाई धान रोप्न सहज भएको छ ।



पानी परेपछि ह्वातै बढेको अत्यधिक गर्मीबाट समेत स्थानीयहरुले शीतलताको अनुभूति गर्न पाएका छन् ।

वर्षाले सिँचाइको सुविधा नभएका ठाउँको किसानलाई ठूलो राहत मिलेको छ भने धान रोप्न नपाएका कृषकलाई धानबाली लागाउन सहज भएको छ ।

जिल्लामा सिँचाइको सुविधा नपुगेका अधिकांश स्थानका कृषकहरु भने वर्षाकै पानीको भरमा निर्भर रहनुपर्ने अवस्था छ ।

**चट्याङको समयमा सतर्क रहौं ।**

**चटयाङबाट बच्ने उपाय:**

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने,

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८